मानवमूल्य तथा नैतिक व्यवहार विकासका लागि

# बालसन्दर्भ सामग्री

(आधारभूत तह, २०८२)




**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**पाठ्यक्रम विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

मानवमूल्य तथा नैतिक व्यवहार विकासका लागि

# बालसन्दर्भ सामग्री

(आधारभूत तह, २०८२)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०८२

मुद्रण :

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

बालबालिकाको सर्वाङ्गीण विकासका लागि स्रोत तथा सन्दर्भ सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसै सन्दर्भलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यार्थीमा ज्ञान, सिप, अभिवृत्ति, मूल्य र सामर्थ्यलाई विकास गराउने उद्देश्यले बालसन्दर्भ सामग्रीको विकास कार्यलाई निरन्तरता दिँदै आएको छ । बालसन्दर्भ सामग्री विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्न सहयोग पुऱ्याउने सहयोगी साधन हो । यस्ता सामग्रीले बालबालिकाहरूको बौद्धिक विकास गर्नुका साथै अध्ययन गर्ने बानीको विकास गराउँछ । यसले ज्ञानको परिधिलाई फराकिलो पार्न मदत पुग्छ । यसले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता नैतिक एवम् चारित्रिक गुणको विकास गर्न सघाउ पुऱ्याउँछ । यसले सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृतिप्रति सम्मान र समभावको विकास गराउन सघाउँछ । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्न, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउन र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्न पनि यस बालसन्दर्भ सामग्रीले मदत पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस बालसन्दर्भ सामग्रीको लेखन प्रा. डा. ध्रुवप्रसाद भट्टराई, सहप्रा. डा. जनकराज भट्ट र श्री हरिहर तिमिल्सिना सम्मिलित कार्यदलबाट भएको हो । बालसन्दर्भ सामग्रीलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री युवराज पौडेल, प्रा.डा. रामकृष्ण तिवारी, सहप्राध्यापक डा. टीकाराम गौतम, श्री सरस्वती भट्टराई लुइँटेल र दीपिका शर्माको समेत योगदान रहेको छ । यसको विषयवस्तु तथा भाषा सम्पादन श्री दिनानाथ गौतम र श्री पुरुषोत्तम घिमिरेबाट भएको हो । यस बालसन्दर्भ सामग्रीको कला सम्पादन श्री कुलदीपजङ्ग बहादुर गुरुङ र लेआउट डिजाइन सन्तोष कुमार दाहालबाट भएको हो । यस बालसन्दर्भ सामग्रीको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

यस बालसन्दर्भ सामग्रीले बालबालिकामा मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई उजागर गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ । यस सामग्रीमा सरल भाषा र आकर्षक चित्रका माध्यमबाट मनोरञ्जनात्मक पढाइ तथा सिकाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान तथा खोजपरक धारणाको विकास गराउने अभीष्ट राखिएको छ । यस बालसन्दर्भ सामग्रीको अध्ययनबाट विद्यार्थीले आर्जन गरेका ज्ञानलाई व्यावहारिक जीवनमा उतार्न सकुन् भन्ने समेत उद्देश्य लिइएको छ । यस बालसन्दर्भ सामग्रीलाई अझ परिष्कृत पार्नका लागि विद्यार्थी, शिक्षक, अभिभावक एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# विषयसूची


| क्र.स. | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|
| १. | असल कोइली | १ |
| २. | कहाँ के पो बिग्रिन्छ र ! | ४ |
| ३. | सरस्वतीलाई मुखभित्र थुन्ने को ? | ६ |
| ४. | के गर्ने होला ? | ९ |
| ५. | बल्ल पो कुरो बुझेँ | ११ |
| ६. | मन्त्रीले किन उत्तर दिन सकेनन् ? | १३ |
| ७. | कुन परीक्षामा बढी अङ्क ल्याउने ? | १५ |
| ८. | को सुखी हुन्छ ? | १८ |
| ९. | घडीविनाको दैनिकी | २० |
| १०. | खाना खाने समय | २३ |
| ११. | चार सैनिक | २५ |
| १२. | उन्नतिको बाटो | २७ |
| १३. | सिपालु ज्योतिषी | २९ |
| १४. | बहिनीलाई चिठी | ३३ |
| १५. | म | ३५ |
| १६. | मेरो बेहोसी | ३७ |
| १७. | को ज्ञानी ? | ४० |
| १८. | रविमानको जुक्ति | ४२ |
| १९. | हाम्रो समाज | ४५ |
| २०. | साझा फूलबारी | ४९ |
| २१. | मेरा हक र हित | ५१ |
| २२. | निशान छापले के भन्छ ? | ५३ |
| २३. | सार्वजनिक सम्पत्तिको सुरक्षा : हाम्रो दायित्व | ५६ |
| २४. | राज्यलाई नमस्कार छ | ६१ |

| | | |
|---|---|---|
| २५. | उत्तमको अभियान | ६४ |
| २६. | पर्यावरण संरक्षण | ६७ |
| २७. | मोहनदासको इमानदारी | ६९ |
| २८. | विपत्तिबाट कसरी जोगिने ? | ७१ |
| २९. | राजा खिम्बुको न्याय व्यवस्था | ७५ |
| ३०. | योगीको आत्मकथा | ७७ |
| ३१. | कौवा र भँगेरा | ७९ |
| ३२. | चिनी र कमिला | ८२ |
| ३३. | फट्याङ्ग्रा र पुतली | ८४ |
| ३४. | धमिलो आँखा | ८६ |
| ३५. | अनि किताब समाउँछु | ८७ |
| ३६. | सबैलाई नमस्कार | ८९ |
| ३७. | दाइको काम | ९० |
| ३८. | म पनि देवी रे | ९१ |

# असल कोइली



वनको बिचमा एउटा ठुलो सिमलको रुख थियो । त्यहाँ विभिन्न चरा बस्थे । काग, लामपुच्छ्रे, चिबे, सारौँ, सुगा, मैना, मयूर, कोइली आदि चरा दिउँसो चारा खोज्न बाहिर जान्थे । उनीहरू राति रुखमा आएर वास बस्थे । रुखमा कतिपय चराले गुँड बनाएका थिए । रुखको टुप्पामा एउटा बुढो गिद्ध बस्थ्यो । गिद्ध बिरामी थियो । रुखनजिकै एउटा दह थियो । त्यहाँ भ्यागुता, माछा र कछुवा मिलेर बसेका थिए ।

साँझ वास बस्ने वेलामा चरा असाध्यै बढी चिरबिर गर्थे । बिरामी बुढो गिद्धलाई त्यसबाट झर्को लाग्थ्यो । गिद्ध हल्ला नगरी बसे हुन्थ्यो भन्ने ठान्थ्यो । उसले एकदुई पटक सबै चरालाई हल्ला नगर्न भन्यो तर कसैले मानेन ।

बढी नै हल्ला भएपछि एक दिन सबै चरालाई भेला पारेर गिद्धले भन्यो, “यसरी सधैँ साँझमा जम्मा भएर हल्ला गर्नुभएन । यो त अनुशासनको उल्लङ्घन हो । अब एउटा उपाय गर्नुपर्‍यो ।”

“के उपाय गर्ने ?” सबै चराले एक स्वरमा सोधे । गिद्धले एकछिन विचार गरेर भन्यो, “सबैलाई अनुशासनमा राख्न एउटा चरालाई नेता बनाउनुपर्छ । उसले भनेको सबैले मान्नुपर्छ । जसले भनेको मान्दैन उसले यो रुख छोडेर अन्तै जानुपर्छ ।”

गिद्धको कुरा सुनेर सबै चरालाई नेता हुन मन लाग्यो । कागले भन्यो, “म बेस्सरी कराउन सक्छु त्यसैले म नेता हुनुपर्छ ।” लाम्पुच्छ्रेले भन्यो, “सबैभन्दा लामो पुच्छर भएकाले मलाई नेता बनाइयोस् ।” लाटेकोसेराले दाबी गर्दै भन्यो, “रातभरि अरू सुतेको वेलामा म ननिदाई बसेर सबैको सुरक्षा गर्न सक्छु, त्यसैले नेता त मैले पो हुन पाउनुपर्छ ।” यसरी नै अरूले पनि आआफ्ना दाबी पेस गरे ।

नेता कसरी छान्ने भनेर गिद्धलाई चिन्ता लाग्यो । उसले सबै चरालाई भन्यो, “सबैले आआफ्नो कला देखाऔँ । जसले सबैभन्दा राम्रो कला देखाउँछ उसैलाई नेता बनाउनुपर्छ ।”

कला जाँच्नका लागि कसलाई छान्ने भन्ने बारेमा छलफल भयो । सबैले गिद्धलाई तपाईँ नै निर्णायक बन्नुहोस् भन्ने प्रस्ताव गरे । गिद्ध बुद्धिमान् थियो । उसले भन्यो, “हेर, मैले मात्र निर्णय गरेर हुँदैन । सबै थरीलाई निर्णायक बनाइयो भने मात्र स्वच्छ र निष्पक्ष हुन्छ । सबैको समान सहभागिता पनि हुन्छ । रुखमा बस्नेबाट तपाईँहरूको चाहनाअनुसार म निर्णायक हुन्छु । जमिनमा बस्नेबाट खरायोलाई राख्नुपर्छ । पानीमा बस्नेबाट कछुवालाई राखौँ । त्यसो भयो भने सही नेताको छनोट हुन्छ ।”

सबैले गिद्धको प्रस्ताव स्वीकार गरे । भोलि नेता छान्ने सहमति गरेर सबै चरा आआफ्ना गुँडमा गए ।

भोलिपल्ट रुखको फेदमा नेता छान्ने कार्यक्रम सुरु भयो । खरायो र कछुवालाई निर्णायक बन्न निम्ता गरियो । गिद्ध, खरायो र कछुवा निर्णायक बनेर एक छेउमा बसे । कार्यक्रमलाई भव्य बनाउन हात्तीको छावा (बच्चा) लाई प्रमुख अतिथिका रूपमा निम्ता गरियो । भँगेरालाई नेता हुन मन लागेको थिएन । उसलाई उद्घोषक बनाइयो ।

सबैभन्दा पहिले कागको पालो आयो । उसले नरोकिईकन दश पटक ठुलो स्वरमा कराएर आफ्नो कला देखायो । लाम्पुच्छ्रेले आफ्नो पुच्छर तल र माथि घुमाएर मनोरञ्जन दिलायो । सुगाले मान्छेको बोलीको नक्कल गरेर सुनायो । कोइलीले वसन्त ऋतु र अरू ऋतुमा आफूले बोल्ने छुट्टाछुट्टै बोलीको नमुना प्रस्तुत गऱ्यो । उसले म वसन्त ऋतुबाहेक अरू वेला धेरै बोल्न जान्दिनँ पनि भन्यो ।

मयूरको पालो आयो । उसले पुच्छर फिर्र पारेर फिँजायो र तीन फन्का घुमेर नाच देखायो । मैना शरीरका भुत्ला कोरीबाटी गरेर चिटिक्क परेर आएको थियो । उसले

आफ्नो सौन्दर्य प्रदर्शन गऱ्यो । ढुकुरका जोडीले भाग लिएका थिए । उनीहरूले मिलेर बस्नु पनि कला हो भन्ने खुबी प्रस्तुत गरे । यसरी नै अरू चराले पनि आआफ्नो कला प्रस्तुत गरेर नेता हुने चाहना देखाए ।

कला देखाउने कार्यक्रम सकिएपछि भँगेराले प्रमुख अतिथि हात्तीलाई केही बोलिदिन अनुरोध गऱ्यो । हात्तीले भन्यो, "तपाईँहरूको भव्य र निष्पक्ष कार्यक्रम देखेर म खुसी भएँ । हाम्रो बथानमा पनि एकदुई जना भनेको नमान्ने र हल्ला गर्ने छन् । तिनीहरूलाई सुधार्न म हाम्रो बगालमा पनि यस्तै तरिका अपनाऔँ भन्छु । जो विजयी हुनुहोला उहाँलाई बधाई छ ।"

अन्तिममा भँगेराले निर्णायकहरूका तर्फबाट छोटो मन्तव्यसहित निर्णय सुनाइदिन गिद्धलाई अनुरोध गऱ्यो । गिद्धले प्रतियोगीहरूलाई सम्बोधन गर्दै भन्यो, "कार्यक्रममा भाग लिएकामा तपाईँहरू सबैलाई धन्यवाद । सबैको कला र सिप बेजोड छ । त्यसमा पनि कसैको कला त अरूसँग तुलना गर्न नै नसकिने खालको देखियो । कसैको कलामा हामी मात्र होइन, मृगसमेत घाँस खान छोडेर टक्क भई मोहित भए । हात्तीको ध्यान पनि त्यतै खिचियो । त्यसैले सबैभन्दा मिठो र ठिक्क बोल्ने कोइली नेता हुने घोषणा गर्छु ।"

सबैले निर्णयको स्वागत गरे । त्यस दिनदेखि सिमलको रुखका सबै चराले मिठो र ठिक्क बोल्ने नेता कोइलीको निर्देशन माने । बढी हल्लीखल्ली बन्द भयो । गिद्ध पनि आफ्नो गुँडमा आरामसाथ बस्यो ।

हामीले आफ्नो कला पहिचान गर्नुपर्छ । त्यसअनुसार आफू उत्कृष्ट बन्न निरन्तर प्रयास गर्नुपर्छ । अरूको कलाको सम्मान गर्नुपर्छ ।

अब हामीले हाम्रो बानीलाई सम्झिऔँ त - के हामी मिठो बोल्छौँ त ? के हामी ठिक्क बोल्छौँ त ? मिठो र ठिक्क बोल्ने कोइली जस्तै नेता बन्न हामीले के गर्नुपर्ला ?

# कहाँ के पो बिग्रिन्छ र !



आँखा तेज बनाउनलाई हरियाली वन
असल मान्छे बन्नलाई सफा पार मन
पढ्न लेख्न खान लाउन चाहिन्छ रे धन
धनभन्दा मन ठुलो हो कि होइन भन ।।

कोही मानिस धन ठुलो भन्छन् हिजोआज
धनभन्दा ठुलो हुन्छ छोटो मिठो बोली
मन राम्रो भएदेखि मिठो हुन्छ बोली
मन खोटी भयो भने आफ्नै बोली गोली ।।

मिठो बोलीवचनबाट हुन्छ सधैँ सुख
बोल्ने ढङ्ग छैन भने के काम राम्रो मुख
बाँसुरीको धुन जस्तो हुन्छ मिठो बोली
बोल्नुपर्ने जति बोल सधैँ दिल खोली ।।

शरीरको घाउ केही दिनमा हराई जान्छ
आँगनको धुलोमैलो वर्षातले लान्छ
प्रदूषित धुवाँ पनि हावा सँगै जान्छ
तर कडा वचनले मनलाई हान्छ ।।

मिठो बोल्नलाई कतै चाहिँदैन धन
न त धेरै ठुलो दु:ख न त परिश्रम
सबैलाई मान राखी बोल्ने बानी गर
सबको भलो गरे कहाँ के पो बिग्रिन्छ र !

हामीले अरूको भलो गर्दा हाम्रो केही बिग्रिँदैन । त्यसैले हामीले आफ्नो साथै अरूको पनि भलो गर्नुपर्छ । के हामी अरूको भलो गर्न सक्दैनौँ र ? यदि सक्दैनौँ भने हामीलाई किन त्यस्तो विचार आएको होला ?

# सरस्वतीलाई मुखभित्र थुन्ने को ?

कक्षामा नेपाली विषयको सिकाइ भइरहेको थियो । शिक्षकले सेतो वा कालोपाटीमा तलको प्रश्न लेखी उत्तर कापीमा लेख भनी सबैलाई अह्राउनुभयो :

**१. तिम्रो मुखभित्र को को बस्छन् ?**

(क) भित्र र बाहिर गरिरहने वायु (ख) ज्ञानगुनकी देवी सरस्वती (ग) रिस र घमन्डका दाइ अहङ्कार (घ) यी कोही पनि बस्दैनन्

सबैले उत्तर लेखेर कापी शिक्षकलाई बुझाए । ठिक त्यसै वेला घन्टी बज्यो । शिक्षकले भोलि भेटौँला है भनी बिदा माग्नुभयो ।

भोलिपल्ट सबैका कापी लिएर शिक्षक कक्षामा आउनुभयो । उहाँले भन्नुभयो, "विजय ! तिमीले किन उत्तर नलेखेको ?"

विजयले भने, "मैले त प्रश्न नै बुझिनँ, गुरुआमा ! अनि उत्तर कसरी दिनु ?"


शिक्षकले सोध्नुभयो, "के बुझेनौ र ? भन त ।"

"मैले मेरा मुखमा को बस्छन् भनी सम्झिएँ तर उत्तर पाउन सकिनँ । त्यसैले केही लेखिनँ । मलाई पिर पऱ्यो । घरमा गएर पनि यसबारेमा सोधखोज गरेँ । आँ गरेर आमालाई देखाएँ । कोही बसेका छन् त भनी सोधेँ । भाइलाई देखाएँ, दिदीलाई सोधेँ । कसैले पनि कसैलाई देख्नुभएन रे !" विजयले भने ।

शिक्षकले भन्नुभयो, "विजय, सबै त्यहीँ छन् नदेखिएका मात्र हुन् । तिम्रा मुखमा सबै बस्छन् नि । ल सुन, तीमध्ये हामीलाई ज्ञानगुनका कुरा धेरै चाहिन्छ नि, होइन ? त्यसैले हामीले विद्याकी देवी सरस्वतीलाई मुखभित्र नै थुनेर राखौँ । थाहा नभएर यस्तो भएको हुन सक्छ । तिमीले सरस्वतीलाई थुनेर अहङ्कारलाई बाहिर हिँड्डुल गर्न दिएका त छैनौ नि ? हाम्रो मुखमा सरस्वती अर्थात् ज्ञानकी देवी बसेकी छिन्, थाहा पाइराखौँ । ज्ञानलाई बाँडौँ र अझ ज्ञानी बनौँ ।"

"हजुर ।" (विजय सोचमग्न देखिन्छन् ।)

शिक्षकले भन्नुभयो, “हेर विजय, हामी हिन्दुको सांस्कृतिक मान्यताअनुसार हामीले बोल्ने भाषा विद्याकी देवी सरस्वतीकै रूप हो । तिमीले सुनेका छौ नि ? राम्रो बोल्ने मानिसलाई मुखमा सरस्वतीको वास भएको मानिस भन्छन् । हामीले नदेखेको मात्रै हो, हाम्रा मुखमा सरस्वतीको वास हुन्छ नि ।”



विजयले भने, “त्यसो भए त नराम्रो बोल्यो भने सरस्वती रिसाउँछिन् होला, होइन गुरुआमा ?” शिक्षकले भन्नुभयो, “हो विजय, तिमीले ठिक भन्यौ । सरस्वती विद्याकी देवी हुन् । त्यसैले राम्रो बोले सरस्वती खुसी हुन्छिन् । नराम्रो बोले रिसाउँछिन् ।”

“सरस्वती खुसी भए के हुन्छ ? अनि रिसाए के हुन्छ नि, गुरुआमा ?” विजयले सोधे ।

शिक्षकले भन्नुभयो, “हामीले राम्रो बोल्यौँ भने सरस्वती खुसी भएर बोलेको पुऱ्याइदिन्छिन् । हामी सफल हुन्छौँ । हामीलाई सबैले मन पराउँछन् । नराम्रो बोल्यौँ भने रिसाउँछिन् । हामी असफल हुन्छौँ । हामीलाई सबैले राम्रो मान्दैनन् ।”

विजयले भने, “त्यसो भए मुखमा सरस्वती छन् भन्ने मानेर जे पायो त्यही बोल्नु नहुने रहेछ । त्यस्तो बोले त सरस्वतीको अपमान गरेको हुने रहेछ । हामीले दण्ड पाउने रहेछौँ, हो गुरुआमा ?”

शिक्षकले भन्नुभयो, “हो, नराम्रो बोल्नु सरस्वतीको अपमान गर्नु नै हो । आफ्नो बोलीले आफैँलाई दण्ड दिनु हो । राम्रो बोल्नेका मुखमा सरस्वती खुसी छन् भन्ने बुझ । नराम्रो बोल्नेका मुखमा सरस्वती थुनिएर बसेकी हुन्छिन् । के सरस्वतीलाई हामीले मुखभित्र नै थुनेर राख्नुहुन्छ त ?”

विजयले भने, “हओस् गुरुआमा । ल सुन है साथीहरू ! अबदेखि मैले मात्र होइन हामी सबैले राम्रो मात्र बोल्नुपर्छ है । सरस्वतीलाई मुखभित्र थुनेर राख्नुहुँदैन । म यो कुरा अरूलाई पनि भन्छु । ककसले सरस्वतीलाई मुखभित्र थुनेर राखेका छौ भनी सोध्छु । मलाई यति राम्रो कुरा आजसम्म थाहै थिएन ।”

विद्या अर्थात् सरस्वती वाणी अर्थात् बोलीकी प्रतीक हुन् । यसर्थ बोलेर पनि विद्याको अभ्यास हुन्छ र यो बढ्छ भनिन्छ । के हामीले मिठो बोलीवचन गरी सरस्वतीलाई खुसी बनाएका छौँ ? हामीले सरस्वतीलाई हाम्रै मुखभित्र थुनेर राखेका त छैनौँ नि ?

# के गर्ने होला ?

हामी संसारमा दिनहुँ अनेक घटना देख्छौं । सूर्य उदाउँछ र अस्ताउँछ । चन्द्रमा कहिले पूरा देखिन्छ, कहिले थोरै देखिन्छ । कहिले कत्ति पनि देखिँदैन । ताराहरू रातमा देखिन्छन्, दिनमा देखिँदैनन् । अरू ग्रहहरू जस्तै पृथ्वी हामीले थाहा नपाउने गरी घुमिरहन्छ । ऋतुहरू आउँछन् अनि जान्छन् । कहिले जाडो हुन्छ भने कहिले गर्मी हुन्छ । हावा बहिरहन्छ, पानी पनि बगिरहन्छ । हिउँ चिसो हुन्छ तर आगो तातो हुन्छ । प्राणीहरू जन्मिन्छन् र मर्छन् । उनीहरू बाँचुन्जेल पनि सधैं एउटै अवस्थाका हुँदैनन् ।



कहिलेकाहीँ विपत्तिका घटना पनि हुन्छन् । कहिले भूकम्प जान्छ भने कहिले चट्याङ पर्छ । बाढी, पहिरो, अनावृष्टि, अतिवृष्टि जस्ता घटना पनि भइरहन्छन् । यस्ता अनेकौं घटना पहिले पनि हुन्थे; अहिले पनि भइरहेका छन् र पछि पनि हुने छन् । यी सधैं

भइरहने र देखिइरहने घटना हुन् । यिनलाई कसैले होइन र हुँदैन भन्न पनि सक्दैन । यो सत्य हो ।

भूत, वर्तमान र भविष्य गरी तीनओटै कालमा जे रहिरहन्छ र भइरहन्छ त्यो सत्य हुन्छ । सत्यलाई असत्य बनाउन खोज्नु हत्केलाले सूर्यलाई ढाकेर घाम लागेको छैन भन्नु जस्तै हो । सत्यको सधैँ जित हुन्छ । त्यसैले *सत्यमेव जयते नानृतम्* अर्थात् सत्यको नै जित हुन्छ, असत्यको होइन भन्ने प्रसिद्ध भनाइ पनि छ ।


सधैँ सत्यको पालना गर्ने मानिस महान् हुन्छ । उसले केही समय दुःख पाउन र केही गुमाउन पनि सक्छ । तर अन्तिममा जित उसकै हुन्छ । नेपाली समाजमा साँचो डग्दैन, झुटो टिग्दैन भन्ने उखान नै छ ।

प्राचीन कालदेखि नै सत्यको पालना गर्ने र पक्ष लिने चरित्रहरू अमर भएका छन् । पौराणिक पात्र हरिश्चन्द्रले जस्तोसुकै सङ्कटमा पनि सत्यको पालना गरेकाले उनलाई सत्यवादी हरिश्चन्द्र भनिन्छ । सत्यवादी युधिष्ठिर, महात्मा विदुर आदिले पनि सत्यको पक्ष लिएका थिए । हाम्रो देशका जनक, सीता, बुद्ध, गोरक्षनाथ, भक्ति थापा, योगमाया, फाल्गुनन्द लिङ्देन, योगी नरहरिनाथ जस्ता व्यक्तिहरू सत्यका पक्षपाती थिए । सत्यको शक्ति सबैभन्दा बलियो हुन्छ ।

के तपाईँ माथिको विचारसँग सहमत हुनुहुन्छ ? के सधैँ सत्यको जित भएको पाउनुभएको छ ? तपाईँले साँचो बोल्दाबोल्दै पनि कसैले तपाईँलाई नपत्याउनुभएको छ ? यदि त्यस्तो अवस्था आएमा सोच्नुहोस् त - अब के गर्ने होला ?

# बल्ल पो कुरो बुझें

एउटा गाउँमा एक जना ज्ञानी मानिस बस्थे । उनी सधैँ आफ्नो निष्ठा र नियमको पालना गर्थे । उनी दानधर्म गरिरहन्थे । गरिबलाई सहयोग गरिरहन्थे । उनीबाट ज्ञानगुनका कुरा सुन्न मानिसहरू आइरहन्थे । एक दिन उनले गाउँमा जे पायो त्यही गर्ने, खाने र कुनै नियमको पालना नगर्ने एक जना मानिस छ भन्ने सुने । उसले गाउँमा अरूको धनसम्पत्तिमा लोभ गरेर दु:ख दिएको कुरा पनि ज्ञानीले गाउँलेहरूबाट सुने ।



एक दिन ज्ञानीले त्यस लोभी मानिसलाई आफ्नो कुटीमा बोलाए । ज्ञानीले उसलाई नराम्रो काम नगर्न, गाउँलेहरूलाई दु:ख नदिन र नियमको पालना गरेर बस्न सुझाव दिए । लोभी मानिसलाई ज्ञानीको कुरा मन परेन । उसले ज्ञानीलाई भन्यो, “आ ! म त मन लागेको कुरा गर्छु । त्यस्ता नियम पालना गर्न सक्दिनँ । त्यसबाट के फाइदा हुन्छ र ?”

ज्ञानीले एउटा नियम पालना गर भनेर ढिपी गरे । लोभी मानिसले मान्दै मानेन । ज्ञानीले आफूलाई सबैभन्दा सजिलो लाग्ने एउटै मात्र नियम पालना गर भनेर फेरि जोड

गरे । त्यो मानिस ज्यादै अल्छी थियो । उसलाई अलिकति पनि दु:ख र परिश्रम गर्नुपर्ने काम गर्न मन लाग्दैनथ्यो । उसले सबैभन्दा सजिलो काम गर्ने विचार गऱ्यो । ज्ञानीले बारम्बार ढिपी गरेपछि त्यस मानिसले अन्तिममा भन्यो, “अरू त केही गर्न सक्दिनँ, मेरो घर नजिकै एक जना कुमाले बस्छ । तपाईंको मन राख्न भए पनि सधैँ उसको सुखदु:ख सोधेर मात्र भात खाउँला ।”

ज्ञानीले भने, “ल हुन्छ, त्यति चाहिँ पालना गर ।”

लोभी मानिस सधैँ कुमालेकहाँ गई उसको सुखदु:खका बारेमा सोधपुछ गरेर मात्र भात खान थाल्यो ।

एक दिन लोभी मानिसलाई बिहानै कतै जानुपर्ने काम पऱ्यो । उनी घर फर्केर आउँदा कुमाले आफ्नो काममा गइसकेको थियो । लोभी मानिस आफ्नो नियमअनुसार भात खानुअगि कुमालेको हालखबर बुझ्न कुमालेले काम गरिरहेको ठाउँमा गयो ।

कुमाले भाँडा बनाउन माटो खन्दै थियो । उसले खनिरहेको ठाउँमा अचानक सुनका असर्फी भरिएको एउटा माटाको घैँटो भेट्यो । त्यसै वेला कुमालेले आफ्नो हालखबर सोध्न नजिकै आइपुगेको लोभी मानिसलाई देख्यो । लोभी मानिसले कुमालेले भेटेको सुनको असर्फीको घैँटो देखेको थिएन तर कुमालेले चाहिँ उसले देख्यो भन्ने ठान्यो ।

कुमाले दानी र परोपकार गर्ने स्वभावको थियो । उसले लोभी मानिसले मैले भेटेको सबै असर्फी लुटिदियो भने यी असर्फीबाट राम्रो काम गर्न सकिँदैन भन्ने सोच्यो । त्यसैले आधा त्यही लोभी मानिसलाई दिएर भए पनि आधाबाट सामाजिक काम गर्ने सोच बनायो ।

कुमालेले आधा असर्फी लोभी मानिसलाई दियो । कुमालेले भन्यो, “कसैलाई नभनी घरमा लगेर राख । आधा दु:खी गरिबहरूलाई पनि बाँड । म पनि मेरो भागबाट आधा हाम्रो गाउँको विद्यालयलाई खानेपानीको व्यवस्था गर्न दान दिन्छु ।” लोभी मानिस पनि सित्तैमा असर्फी पाएकामा मक्ख पऱ्यो ।

एकैछिनमा लोभी मानिसको मन बदलियो । दिनदिनै काम गरेर मात्र खान पुग्ने कुमालेको व्यवहारले लोभी मानिसको मन पग्लियो । ऊ पनि अब दु:खी गरिबहरूलाई सहयोग गर्न पाइने भयो भनेर खुसी भयो । अब उसले ज्ञानीको कुरा बुझ्यो र भन्यो, “बल्ल पो कुरो बुझेँ ।”

के तपाईंले पनि यस्तै घटना सुनेको वा अनुभव गर्नुभएको छ ? त्यसबाट तपाईंले के कस्तो शिक्षा पाउनुभयो ?

# मन्त्रीले किन उत्तर दिन सकेनन् ?

धेरै पहिलेको कुरा हो । एउटा धनी र शक्तिशाली राज्यमा एक जना धार्मिक स्वभावका मन्त्री थिए । पाठ, पूजा, जपतप र ध्यान नगरी उनी भोजन गर्दैनथे । यस्तै काममा उनको बिहान बित्थ्यो । राज्यमा उनको निकै राम्रो प्रभाव थियो । उनी जहाँ गए पनि सैनिक र सहयोगीहरू साथमा हुन्थे ।

एक पटक उनलाई राज्यको कामले केही दिनका लागि सहरबाहिर जानुपर्‍यो । उनी आफ्ना सैनिक र सहयोगीका साथ घरबाट हिँडे । उनी गएको ठाउँमा पाठ, पूजा, जपतप र ध्यान गर्ने छुट्टै कोठा थिएन । उनी बाटाको छेउमा नै बसी आफ्ना नित्य काम गर्थे ।

सधैँ झैँ एक दिन मन्त्री बिहान बाटाको छेउमा बसेर आफ्नो नित्यकर्म गरिरहेका थिए । उनको अगाडि एउटा धार्मिक पुस्तक पनि थियो । उनी आँखा चिम्लेर दुई हात जोडी ध्यान गरिरहेका थिए । सैनिक र सहयोगीहरू टाढा थिए । वातावरण शान्त थियो ।

त्यही बाटाबाट एउटी कृषक महिला हतारिँदै आइन् । उनका पति लामो समयपछि परदेशबाट घर आउन लागेका थिए । उनी पतिको स्वागतका लागि हतारिँदै पति आउने बाटातिर छिटो छिटो हिँडिरहेकी थिइन् । महिला खुसीले फुरुङ्ग भएकी थिइन् । छिटो छिटो हिँड्दा उनको गोडाले मन्त्रीको पुस्तकको छेउमा छोयो । मन्त्री चुप लागिरहे । महिला अगाडि बढिन् ।


केही समयपछि महिला पतिसहित त्यही बाटो फर्कर आइन् । पति अगि अगि र उनी पछि पछि हिँडिरहेका थिए । मन्त्री ध्यान गरिरहेका थिए । फर्कर आउँदा पनि महिलाको गोडाले मन्त्रीको पुस्तकको छेउमा छोयो ।

मन्त्री निकै रिसाए । उनले महिलालाई भने, “तिमीले बारम्बार किन यस पुस्तकमा लात्ती लगाइरहेकी छ्यौ ? पुस्तकमा भगवान् बस्नुहुन्छ । तिमीलाई भगवान्‌को अलिकति पनि डर छैन ? तिमी कस्ती मानिस हौ ?”

महिलालाई आफ्नो गल्ती थाहा भयो । उनले मन्त्रीसँग माफी पनि मागिन् । यसै वेला उनको मनमा प्रश्न उठ्यो । उनले नम्र भएर भनिन्, “होइन हजुर ! म त्यस्तो मानिस होइन । म अगि मेरा पति आउन लागेको खुसीमा थिएँ । मेरो ध्यान पतिमा मात्र थियो, अन्त थिएन । त्यसैले हतारिएर हिँड्दा भुलले पुस्तकमा गोडाले छोइएछ, मैले थाहा नै पाइनँ । अहिले पति भेटेको खुसीले यतातिर ध्यान नै पुऱ्याउन सकिनछु । मलाई फेरि पनि माफ गर्नुहोला । तर हजुर सबै कुरा जान्नेबुझ्ने हुनुहुन्छ । आँखा चिम्लेर त्यति ठुला भगवान्को ध्यान गरिरहनुभएको थियो । हजुरको ध्यानचाहिँ भगवान्तिर नगएर किन मेरा गोडातिर गएको त ?” मन्त्रीले उत्तर दिन सकेनन् ।

अब भन्नुहोस् - मन्त्रीले किन उत्तर दिन नसकेका होलान् ? के उनले ध्यान दिएर आफ्नो काम गरेका थिएनन् ?

# कुन परीक्षामा बढी अङ्क ल्याउने ?




सुजन र पवन मिल्ने साथी हुन् । उनीहरू नयनपुरमा बस्छन् । उनीहरू नजिकका छिमेकी हुन् । नयनपुर सहरनजिकैको गाउँ हो । उनीहरू एउटै विद्यालयमा कक्षा ७ मा पढ्छन् ।

बिदाको दिन थियो । त्यस दिनमा बिहानै पवन हजुरबुबाले पढेका पुराना किताब मिलाएर राख्दै थियो । किताब कोठामा छरिएका थिए । त्यसै वेला सुजन आयो । सुजनले छरिएका किताब देख्यो । उसले एउटा किताब फ्यार्र पारेर पल्टायो । किताबको बिचतिरको पानामा *क्षणत्यागे कुतो विद्या* भन्ने लेखिएको थियो । सुजनले यसको अर्थ बुझेन र पवनलाई सोध्यो । पवनले त्यसको अर्थ समयको एक क्षण मात्र पनि खेर फालियो भने विद्या आउँदैन भनेको हो भनेर बताइदियो । सुजनले हिजोआज जतिखेर पनि पढेर मात्र को बस्छ, यो बेकारको कुरा हो भन्यो । म त बरु सिप सिक्छु भन्यो । पवनले त्यसरी हलुका कुरा नगर्न सुजनलाई सम्झायो ।

अर्को हप्ताको बिदाको दिन पनि बिहानै सुजन पवनको घरमा आयो । पवन पढिरहेको थियो । सुजनले पवनलाई बिदाको दिन पढ्नलाई होइन, सिप सिक्न तथा सिर्जनशील काम गर्नलाई हो भन्यो । पवनले हरेक दिन थोरै समय भए पनि पढ्नै पर्छ अनि अरू काम गर्नुपर्छ भन्यो । सुजनले पवनलाई तिमी त किताबको किरो नै हुने भयौ भन्यो ।

पवन हरेक दिन बिहान पढ्थ्यो । विद्यालयको पाठ तथा गृहकार्य नभएको दिन पनि उसले ज्ञानगुनका विषयवस्तु पढ्थ्यो । ऊ हरेक दिन केही न केही पढ्नुपर्छ र दिनमा एउटै मात्र भए पनि नयाँ कुरा जान्नुपर्छ भन्ने ठान्थ्यो । यो उसको दैनिक नियम थियो र यसमा ऊ बानी परिसकेको थियो । सुजन जाँगरिलो थियो । ऊ केही न केही काम गरिरहन्थ्यो । तर किताब पढ्न भने उसलाई अल्छि लाग्थ्यो ।

पवन र सुजनले माध्यमिक परीक्षा उत्तीर्ण गरे । पवनले उत्कृष्ट अङ्क ल्यायो । पढाइमा राम्ररी ध्यान नदिएकाले सुजनले राम्रो अङ्क ल्याउन सकेन । ऊ थोरै अङ्क ल्याएर उत्तीर्ण मात्र भयो ।

पवन कलेज पढ्नका लागि सहरमा डेरा लिएर बस्यो । ऊ हरेक दिनको समयलाई सदुपयोग गर्थ्यो । ऊ कलेज लागेको दिन कलेजमा पढाइलेखाइ गर्थ्यो । कलेज बिदा भएको दिन जागिरका लागि पढाइलेखाइ गर्थ्यो ।

पवनले कलेजको पढाइ राम्रो अङ्क ल्याएर पूरा गऱ्यो । त्यसपछि सबै समय ऊ जागिरका लागि पढ्न थाल्यो । कलेजको पढाइ पूरा भएको एक वर्षभित्र पवन प्रहरी अधिकृत भयो । प्रहरी अधिकृत भएपछि पनि ऊ दिनको एक पटक छोटो समय मिलाएर पढ्थ्यो । संयोगले उसको पदस्थापना घरनजिकै भयो ।

पवन कार्यालयमा काम गरिरहेको थियो । उसका सहयोगी प्रहरीले गाउँमा एक कार्यक्रम भएको जानकारी दिए । पवनले त्यस कार्यक्रममा जाने इच्छा व्यक्त गऱ्यो र त्यतैतिर लाग्यो । उक्त कार्यक्रममा पवनले सुजनलाई भेट्यो । त्यो कार्यक्रम सुजनले नै आयोजना गरेको रहेछ । सुजन निकै ठुलो व्यापारी भएको रहेछ । उसले धेरै सिप सिकेको रहेछ ।

सुजनले नै पवनलाई बोलाउन लगाएको रहेछ । साथीले यसरी उन्नति गरेको देख्दा पवन खुसी भयो । पवनले साथीको मिहिनेतको प्रशंसा गऱ्यो र भन्यो, "कहिलेकाहीँ हामीले विद्यालयको परीक्षामा कम अङ्क ल्याउन सक्छौँ । त्यो मात्रै हाम्रो जीवनको परीक्षा होइन । मैले विद्यालयको परीक्षामा राम्रो अङ्क ल्याएँ । त्यसैले आज यहाँ छु । सुजनले जीवनको परीक्षामा राम्रो अङ्क ल्याए । त्यसैले उनी पनि हामी सँगै छन् । त्यसैले मैले जसरी कक्षाको परीक्षामा मात्र ध्यान नदिई जीवनको परीक्षामा पनि ध्यान दिऔँ है ।"

(सबै सोचमग्न देखिए ।)

अब भन्नुहोस्, "तपाईँले कुन परीक्षामा बढी अङ्क ल्याउने ? कि दुबैमा अब्बल हुने ?"

# को सुखी हुन्छ ?

विद्यापति माध्यमिक विद्यालयको रजत जयन्ती मनाइँदै छ । यस उपलक्ष्यमा विद्यार्थीबिच पठनपाठन र ज्ञानगुनका विषयमा छलफलको आयोजना गरिएको छ । यसै क्रममा शिक्षक पूर्ण विश्वकर्मा र सुजीत परियारले यक्ष र युधिष्ठिरको संवादमा भूमिका अभिनय गर्नुभयो ।

यक्ष : जीवनको उद्देश्य के हो ?

युधिष्ठिर : जन्म र मरणको चक्रबाट छुटकारा पाउनु हो ।

यक्ष : जन्मको कारण के हो ?

युधिष्ठिर : पूरा गर्न नसकिने इच्छा, आकाङ्क्षा र कर्मफल नै जन्मको कारण हो ।

यक्ष : जन्म र मरणको बन्धनबाट कसले छुटकारा पाउँछ ?

युधिष्ठिर : जसले आफूले आफैँलाई चिन्न सक्छ त्यसले जन्म र मरणको बन्धनबाट छुटकारा पाउँछ ।

यक्ष : दु:ख के कारणले बढ्छ ?

युधिष्ठिर : लालच, स्वार्थ र भयका कारणले दु:ख बढ्छ ।

यक्ष : त्यसो भए ईश्वरले दु:खको रचना किन गरे ?

युधिष्ठिर : ईश्वरले संसारको रचना गरे तर दु:खसुखको रचना गरेनन् । हामी आफैँले आफ्नो विचार र कर्मका कारण दु:ख वा सुखको अनुभव गरेका हौँ । (हामी यसलाई भाग्य पनि भन्छौँ ।)

यक्ष : भाग्य भनेको के हो ?

युधिष्ठिर : हरेक क्रिया वा कार्यको एक परिणाम हुन्छ । परिणाम राम्रो पनि हुन सक्छ, नराम्रो पनि हुन सक्छ । यो परिणाम नै भाग्य हो । आजको प्रयत्न भोलिको भाग्य हो ।

यक्ष : सुख र शान्तिको रहस्य के हो ?

युधिष्ठिर : सत्य, सदाचार, प्रेम र क्षमा सुखको कारण हो । असत्य, अनाचार, घृणा र क्रोधको त्याग नै शान्तिको मार्ग हो ।

यक्ष : साँचो प्रेम भनेको के हो ?

युधिष्ठिर : आफूलाई सबैमा देख्नु नै साँचो प्रेम हो । अर्थात् आफूलाई सबैको साथमा एक देख्नु पनि सच्चा प्रेम हो ।

यक्ष : त्यसो भए कुनै मानिसले सबैसँग किन साँचो प्रेम गर्दैन ?

युधिष्ठिर : जसले आफूलाई सबैमा देख्दैन त्यसले सबैसँग प्रेम गर्न सक्दैन ।

यक्ष : बुद्धिमान् को हो ?

युधिष्ठिर : जसले सही र गलत छुट्याउन सक्छ त्यो नै बुद्धिमान् हो ।

यक्ष : सबै दु:खको नाश कसले गर्न सक्छ ?

युधिष्ठिर : जो सबै छोड्न तयार छ उसैले सबै दु:खको नाश गर्न सक्छ ।

यक्ष : मृत्युपर्यन्त यातना कसले दिन्छ ?

युधिष्ठिर : लुकाएर गरिएको अपराधले मृत्युपर्यन्त यातना दिन्छ ।

यक्ष : कुन एक मात्र उपाय छ जसले जीवन सुखी हुन जान्छ ?

युधिष्ठिर : असल स्वभाव नै सुखी हुने उपाय हो ।

पूर्ण सर र सुजीत सरको भूमिका अभिनय सकिएपछि प्रधानाध्यापकले हामी सबैलाई सोध्नुभयो, "सुखी हुने उपाय के रहेछ ?"

हामीले भन्यौँ, "असल स्वभाव ।"

मेरो जस्तै हजुरको मनमा पनि विचार उब्जेको छ त - के म सुखी छु ? यदि छु भने किन छु ? छैन भने किन हुन नसकेको होला ?

# घडीविनाको दैनिकी

डोल्मा फुटी शेर्पा ताप्लेजुङ जिल्लाको उत्तरी गाउँमा बस्नुहुन्छ । उहाँ अहिले साठी वर्षकी हुनुभयो । उहाँले पढ्ने उमेरमा गाउँमा विद्यालय थिएन । उहाँले सावाँ अक्षर पनि चिन्नुभएको छैन । उहाँका पति उहाँसँग हुनुहुन्न, पर्यटन व्यवसाय गर्न घरबाहिर जानुभएको छ । छोराबुहारी काम खोज्न सहर गएका छन् । घरमा बाह्रतेह्र वर्षका नातिनातिना छन् । उनीहरू एक घण्टा पर रहेको आधारभूत विद्यालयमा छ र सात कक्षामा पढ्छन् ।



डोल्मा फुटीका घरमा छओटा चौँरी पालिएका छन् । तीनचारओटा कुखुरा पनि छन् । चौँरीको रेखदेख गर्न एउटा भोटे कुकुर पालिएको छ । डोल्मा फुटीले ती सबैको राम्रो व्यवस्थापन गर्नुभएको छ । यस काममा उहाँलाई नातिनातिनाले सघाउँछन् ।

डोल्मा फुटी बिहानै उठ्नुहुन्छ । उहाँसँग घडी छैन तर उहाँ सधैँ एउटै समयमा उठ्नुहुन्छ । कहिलेकाहीँ भुसुक्क निदाउनुभयो भने पनि भाले बासेको सुनेर तुरुन्त उठ्नुहुन्छ । त्यति छिटो नउठे उहाँ घरको सबै काम भ्याउनुहुन्न ।

छओटा चौँरीमध्ये हिजोआज दुईओटाले दुध दिन्छन् । डोल्मा फुटी झिसमिसे उज्यालैमा चौँरी दुहुनुहुन्छ । त्यसपछि छओटै चौँरीलाई गोठबाट बारीमा लैजानुहुन्छ र अलि अलि घाँस हालिदिनुहुन्छ । चौँरी घाँस खाइसकेर पनि एकै ठाउँमा उभिइरहन्छन् । त्यसपछि कुखुराको खोर खोल्नुहुन्छ । कुखुरा क्वटक्वट गर्दै आँगन र करेसाबारीमा चाहार्छन् ।

डोल्मा फुटी अँगेनामा चौँरीको दुध तताउनुहुन्छ । दुध तात्तै गर्दा नातिनातिना पनि उठ्छन् । डोल्मा फुटी उनीहरूलाई एक एक कचौरा दुध दिनुहुन्छ ।

नातिनातिनालाई विद्यालय जान ढिलो हुन्छ भनेर डोल्मा फुटी हतार हतार खाना बनाउनुहुन्छ । केटाकेटी खोले पकाएर कुकुरलाई खान दिन्छन् । केटाकेटीले विद्यालय जाने तयारी गर्दैगर्दा उहाँ खाजाका लागि कहिले आलु उसिनेर, कहिले रोटी पकाएर बट्टामा राख्नुहुन्छ र उनीहरूको झोलामा हालिदिनुहुन्छ । तर अचेल नातिनातिनाको बानी सुधारिँदै गएको छ । उनीहरू आफ्नो काम आफैँ गर्न थालेका छन् । यसले गर्दा डोल्मा झनै खुसी हुनुभएको छ ।

खाना खाएर कहिलेकाहीँ केटाकेटी अलमलिन्छन् । डोल्मा फुटी बारीको छेउमा ढुङ्गामा लागेको घाम हेरेर केटाकेटीलाई छिटो विद्यालय जाओ भन्नुहुन्छ । डोल्मालाई वर्षा र हिउँद्याममा बारीको ढुङ्गाको घाम हेरेर कतिखेर के के गर्ने भन्ने अनुभव भइसकेको छ । घाम नलागेको समयमा आफू उठेको वा भाले बासेको समयलाई आधार मानेर उहाँ सबै काम गर्नुहुन्छ । उहाँले समयको अन्दाज गरेर केटाकेटीलाई विद्यालय पठाउँदा उनीहरू सधैँ ठिक समयमा पुगेका छन् ।

केटाकेटी विद्यालय गएपछि डोल्मा फुटी खाना खानुहुन्छ । चौँरी पनि गजबको बानी परेका छन् । डोल्माले खाना खाएर आँगनमा चुठेको देखेपछि चौँरी पनि चर्न पाखातिर जान्छन् । कुकुर उनीहरूको पछि पछि जान्छ ।

डोल्मा फुटी घरधन्दा सकेर चौँरीलाई घाँस काट्न घरमाथिको पाखामा जानुहुन्छ । एक भारी घाँस काट्न दुई घण्टा जति लाग्छ । डाँडामाथिका घाम हेर्दै उहाँ घाँसको भारी

बोकेर घर आउनुहुन्छ । एक छिनपछि नातिनातिना विद्यालयबाट आइपुग्छन् । त्यसको केही समयपछि चौँरी पनि चरेर आउँछन् । घरनजिकै सानो खोल्सो छ । त्यहाँ जाने बाटो अप्ठ्यारो छ । डोल्मा होसियार भएर चौँरीलाई पानी ख्वाउन खोल्सामा लैजानुहुन्छ र त्यहाँबाट फर्काएर गोठमा हुल्नुहुन्छ । उहाँ बिहान जस्तै बेलुकी पनि चौँरी दुहुनुहुन्छ । एक छिन दुध खान दिएपछि बाच्छा बाँध्नुहुन्छ र गोठको ढोका बन्द गर्नुहुन्छ । दुध आँगनमा राखेर कुखुरालाई खोरमा थुन्नुहुन्छ । कुकुरलाई आँगनको छेउमा साङ्लाले बाँध्नुहुन्छ ।

साँझ परेपछि डोल्मा फुटी घरभित्र पस्नुहुन्छ । केटाकेटी विद्यालय आउजाउ गर्नाले थाकिसकेका हुन्छन् । भोकै निदाउलान् भनेर हतार हतार खाना बनाएर खान दिनुहुन्छ र आफू पनि खानुहुन्छ । खाना खाएपछि केटाकेटी हजुरआमालाई घरको काममा सघाउँछन् । त्यसपछि डोल्मा खोले पकाएर कुकुरलाई खान दिनुहुन्छ । यति काम गरुन्जेलसम्म राति भइसकेको हुन्छ । अनि उहाँ घरगोठको सुरक्षाका लागि कुकुर फुकाउनुहुन्छ र ढोका बन्द गरेर सुत्नुहुन्छ । उहाँसँग घडी छैन तर ठ्याक्कै मिलेको समय र दैनिकी छ । आहा ! घडीविनाको मिलेको समय र दैनिकी ।

तपाईंको दैनिकी कस्तो छ त ? तपाईं आफ्नो काम आफैँले गर्नुहुन्छ कि अरूलाई लगाउनुहुन्छ ? के तपाईंका काम अभिभावकले गर्नुहुन्छ कि ती काममा तपाईंले पनि सहयोग गर्नुहुन्छ ? के तपाईंको समय र काम मिलेको छ त ?

# खाना खाने समय



जर्ज वासिङ्टन अमेरिकाका पहिला राष्ट्रपति हुन् । उनी अमेरिकी स्वतन्त्रता सङ्ग्रामका महान् सेनानी पनि हुन् । पहिले अमेरिका बेलायत सरकारको अधीनमा थियो । सन् १७८३ मा अमेरिकाले स्वतन्त्रता प्राप्त गरेको थियो । बेलायतले अमेरिकालाई सन् १७७६ जुलाइ ४ तारिखका दिन स्वाधीनताको मान्यता दिएको थियो ।

जर्ज वासिङ्टनको जन्म सन् १७३२ फेब्रुअरी ११ तारिखका दिन भर्जिनिया राज्यको ब्रिज्स क्रिक भन्ने ठाउँमा भएको थियो । सन् १७४९ जुलाइ २० बाट उनले अमिनको काम सुरु गरेका थिए । त्यसपछि उनी सैनिक सेवामा सामेल भए । उनले सन् १७८७ सेप्टेम्बर १७ मा संविधानको मसौदामा हस्ताक्षर गरेका थिए ।

जर्ज वासिङ्टन सन् १७८९ अप्रिल ३० मा अमेरिकाको पहिलो राष्ट्रपति भए । उनी सन् १७९७ सम्म राष्ट्रपति पदमा थिए । सन् १७९९ डिसेम्बर १४ मा ६७ वर्षको उमेरमा महान् स्वतन्त्रता सेनानी तथा स्वतन्त्र अमेरिकाका पहिला राष्ट्रपति वासिङ्टनको निधन भयो ।

जर्ज वासिङ्टन हरेक काम ठिक समयमा गर्थे । उनी निश्चित समयमा उठ्ने, कार्यालयको काम गर्ने र सुत्ने गर्थे । उनी हिँडेको देखेर मानिसहरू आफ्नो घडी मिलाउँथे भन्ने भनाइ छ । उनको खाना खाने समय पनि निश्चित थियो । उनी सधैँ चार बजे खाना खान्थे ।

वासिङ्टनले एक पटक अमेरिकी काङ्ग्रेसका नयाँ सदस्यहरूलाई भोजका लागि निम्ता दिए । सदस्यहरू आइपुग्न केही ढिला भयो । वासिङ्टन आफ्नो समयमा भोजन गर्न थाले ।

वासिङ्टन भोजन गरिरहेका थिए, निम्तारुहरू आइपुगे । आफूहरूलाई वास्तै नगरी भोजन गरिरहेको देखेर छक्क पर्दै निम्तारुहरूले वासिङ्टनलाई भने, "महाशय ! यो के गरेको ?

हाम्रो अलिकति पनि मान नराखी एक्लै भोजन गर्न लाग्नुभएछ नि !"

वासिङ्टनले भने, "यहाँ अपमानको कुरा केही पनि छैन । मेरो भान्से सबै अतिथि आए कि आएनन् भनेर कहिल्यै पनि हेर्दैन । ऊ त तोकिएको समयमा भोजन ल्याएर राखिदिन्छ । तपाईंहरू यसमा आफ्नो अपमान गरेको नठान्नुहोस् बरु हरेक काम ठिक समयमा गर्ने बानी बसाल्नुहोस् ।"

वासिङ्टनको कुरा सुनेर निम्तारुहरू खुसी भए । उनीहरूलाई बोलाएको समयमा आइनपुगेकामा गल्ती महसुस भयो ।

तपाईंको जीवनकालमा पनि यस्ता घटना भएका छन् ? छन् भने आउनुहोस् कक्षाका साथीलाई सुनाऔँ र अरूको पनि सुनौँ ।

# चार सैनिक

धेरै पहिलेको कुरा हो । एक जना राजा थिए । उनको राज्य ठुलो थियो । राज्यका सबै क्षेत्रमा विकास भएको थियो । सबैतिर शान्ति थियो । जनता पढेलेखेका, अनुशासित र सुखी थिए ।

त्यही राज्यसँग सिमाना जोडिएको अर्को सानो राज्य थियो । त्यहाँ सधैँ कलह र अशान्ति थियो । कुनै पनि क्षेत्रमा विकास भएको थिएन । जनता पनि पढेलेखेका र अनुशासित थिएनन् । राज्यको अवस्था देखेर त्यहाँका राजा चिन्तित थिए ।



एक दिन राजाले आफ्नो राज्य सानो भएर पनि नराम्रो हुनु तर छिमेकी राज्य विशाल भएर पनि राम्रो हुनुको कारण बुझ्ने विचार गरे ।

सानो राज्यका राजा ठुलो राज्यका राजासँग भेट गर्न गए । सानो राज्यका राजाले ठुलो राज्यका राजालाई भने, "मेरो राज्य सानो छ तर सधैँ झगडा हुन्छ । जनताले दु:ख पाएका

छन् । मेरो बदनामी भएको छ । तपाईंको यति ठुलो राज्य छ तर शान्त छ । जनता सुखी छन् । यसको कारण के हो ?"

ठुलो राज्यका राजाले भने, "तपाईंले ठिक भन्नुभयो । मेरो राज्यमा सबै कुरा ठिक छ । यसको कारण के हो भने मैले चार जना सैनिक नियुक्त गरेको छु । तिनले सधैँ मेरो राज्यलाई रक्षा गरेका छन् र राम्रो पनि बनाएका छन् ।"

सानो राज्यका राजाले छक्क पर्दै भने, "तपाईंले के भनेको ? मेरो राज्यमा हजारौँ सैनिक भएर पनि राम्रो भएको छैन । तपाईंका चार जना सैनिकले कसरी राम्रो गरेका छन् ?"

ठुलो राज्यका राजाले भने, "मेरा सैनिक तपाईंका जस्ता होइनन् नि ! भिन्न खालका छन् ।"

"कस्ता भिन्न ?" सानो राज्यका राजाले उत्सुक हुँदै सोधे ।

ठुलो राज्यका राजाले भने, "मेरो पहिलो सैनिक सत्य हो । त्यसले मलाई कहिल्यै असत्य बोल्न दिँदैन ।"

सानो राज्यका राजाले सोधे, "अनि दोस्रो को हो ?"

ठुलो राज्यका राजाले भने, "प्रेम । त्यसले मलाई आपसमा घृणा गर्ने स्वभावबाट बचाएको छ ।"

"तेस्रो कुन हो नि !" सानो राज्यका राजाले चाख मान्दै सोधे ।

ठुलो राज्यका राजाले भने, "न्याय । यसले मलाई कसैलाई पनि अन्याय गर्नबाट सधैँ रोकेको छ ।"

सानो राज्यका राजाले भने, "चौथो पनि भन्नुहोस् न त !"

ठुलो राज्यका राजाले भने, "समयको पालना । यसले मलाई अल्छी हुन रोकेको छ र परिश्रम गर्न सिकाएको छ । यी चार सैनिकबाहेक मलाई राज्यमा अरू सैनिकको आवश्यकता नै परेको छैन ।"

तपाईंका सैनिक को को हुन् ? तिनले तपाईंको जीवनमा के कस्तो सहयोग गरेका छन् ?

# उन्नतिको बाटो

पच्चिस सय पैंतालिसौँ बुद्ध जयन्ती भव्य रूपमा मनाइँदै छ । यस उपलक्ष्यमा विभिन्न कार्यक्रमको आयोजना गरिएको छ । तीमध्ये बालबालिकाका लागि प्रवचन कार्यक्रम पनि राखिएको छ । प्रवचनको विषय 'अहिंसा र सदाचार' राखिएको छ । प्रवचन सुन्न विभिन्न विद्यालयका विद्यार्थीलाई निम्ता गरिएको छ । गुरुकुल, गोन्पा र मदरसाका विद्यार्थी पनि प्रवचन सुन्न आएका छन् । प्रवचन बौद्ध धर्मगुरु भिक्षु ज्ञानमणिले दिँदै हुनुहुन्छ । उहाँ यसो भन्नुहुन्छ :

प्यारा नानी बाबुहरू !

तिमीहरूलाई लाग्छ होला, प्रवचन त ठुला मानिसहरूले मात्र सुन्ने हो । हामी सानाले प्रवचनमा भनेका कुरा नै बुझ्दैनौँ, सुनेर के काम ? तर त्यसो होइन । सानैदेखि हामीले जस्तो कुरा सुन्यौँ र देख्यौँ त्यसको असर पछिसम्म पर्छ । हामी राम्रो र असल हुने भनेकै हाम्रो मनको स्वच्छता हो ।

मन स्वच्छ हुन मनका नराम्रा भावना हट्नुपर्छ । नराम्रा भावना हटेर मात्र हुँदैन, मनमा राम्रा भावना बस्नु पनि पर्छ । अहिंसा त्यस्तै राम्रो भावना हो । सामान्य मानिस अहिंसा भनेको मारकाट नगर्नु हो भन्ने मात्र बुझ्छन् तर सही कुरा त्यति मात्र होइन । तिमीहरू राम्ररी याद गर, हिंसा तीन प्रकारका हुन्छन् - मनले गर्ने हिंसा, बोलीले गर्ने हिंसा र शरीरले गर्ने हिंसा । अरूको अहित चिताउनु मनले गर्ने हिंसा हो । नराम्रो बोलेर अरूको चित्त दुःखाउनु बोलीले गर्ने हिंसा हो । कुटपिट गरेर वा हतियार प्रहार गरेर गरिने हिंसा शरीरले गर्ने हिंसा हो । यी तीनै प्रकारको हिंसारहित अवस्था नै वास्तविक अहिंसा हो । हिन्दुलगायतका धेरै धर्ममा अहिंसालाई विशेष धर्म मानिएको छ । अहिंसाबाट दयाको भावना जाग्छ र त्यसले सबै प्राणीको कल्याण हुन्छ ।

तिमीहरूले अनुशासनका बारेमा त सुनेकै छौ र त्यसको पालना पनि गरेकै छौ । अनुशासनकै विकसित रूप सदाचार हो । राम्रो बानी व्यवहार, नियमको सही पालना र आफूले आफैँलाई गरेको एक प्रकारको शासन सदाचार हो । तिमीहरूलाई शासन सुनेर

डर लाग्यो होला तर यो मानिसलाई दु:ख दिने शासन होइन, सुखी बनाउने शासन हो ।

नानी बाबु हो !

सदाचारले हामीलाई मानसिक र शारीरिक रूपमा स्वस्थ बनाउँछ भने सामाजिक रूपमा सभ्य बनाउँछ । सदाचारको पालना गर्ने परिवार र समाजमा कलह झगडा हुँदैन । सबैतिर शान्ति र मेलमिलाप हुन्छ । सदाचारमा रहने मानिसको सबैतिर सम्मान पनि हुन्छ । सदाचार पनि अहिंसा जस्तै ठुलो धर्म मानिएको छ ।

सदाचारको पालना नगर्ने मानिसलाई कसैले रक्षा गर्न सक्दैन । धर्मग्रन्थमा दुराचारीलाई भगवान्ले पनि बचाउन सक्दैनन् भनिएको छ । ठुला भएपछि तिमीहरूले आफैँ पढेर यसबारेमा अझ धेरै बुझ्ने छौ ।

अहिंसा र सदाचार मानिसलाई उन्नतिको शिखरमा पुऱ्याउने दुई पाउ हुन् रे । यी दुई पाउ टेकेर हामी सफलताको शिखरमा पुग्न सक्छौँ । तिमीहरूले सधैँ याद राख्नू - अहिंसा र सदाचार हाम्रा सबैभन्दा ठुला मित्र पनि हुन् ।

बुद्धलाई भगवान् बुद्ध बनाउने दुई गहना अहिंसा र सदाचार हुन् । बुद्ध धन र शक्तिले होइन, अहिंसा र सदाचारले प्रसिद्ध हुनुभएको हो । अहिंसा र सदाचार ठुला व्रत मानिएका छन् । यो व्रत लिन पैसा लाग्दैन । अहिंसा र सदाचारको पालनाबाट नै बुद्धप्रति सच्चा श्रद्धाञ्जलि हुन्छ र आफ्नो उन्नतिको बाटो सुनिश्चित हुन्छ ।

आज मैले यति मात्र भनेँ । अब अर्को दिनमा हामी पञ्चशीलका बारेमा चर्चा गर्ने नै छौँ । पञ्चशीलभित्र प्राणी हिंसाबाट टाढा रहने, झुटो नबोल्ने, चोरी नगर्ने, अरूलाई दु:ख नदिने र अखाद्य वस्तु नखानेलगायतका नियम पर्छन् । तिमीहरूले चाहयौ भने अझ धेरै समयसम्म त्यसका बारेमा कुराकानी गरौँला । मैले भनेका कुरा व्यवहारमा उतार्ने छौ भन्ने विश्वास लिएको छु । प्रवचन ध्यान दिएर सुनेकामा सबैलाई धन्यवाद । सबैको मङ्गल होओस् !

हामी सफलताको शिखरमा कसरी पुग्न सकिएला ? सदाचारी मात्र भएर हाम्रो प्रगति हुन सक्ला त ? हामीले आफ्नो उन्नतिको बाटो कसरी पत्ता लगाउन सक्छौँ ?

# सिपालु ज्योतिषी

राजु, अनिल, सुरज, दिनेश, मनोज र सुमनले गत वर्ष गाउँको विद्यालयबाट माध्यमिक तहको परीक्षा उत्तीर्ण गरे । हिजोआज कलेज पढ्न उनीहरू सहरको एउटा छात्रावासमा बसेका छन् । उनीहरूको कलेज बिहान लाग्छ । कलेजबाट आएर खाना खाएपछि उनीहरू फुर्सदिला हुन्छन् । केही समय भयो, उनीहरूलाई हिजोआज राम्ररी पढ्न मन लाग्दैन । बेकारका गफ गरेर र घुमफिर गरेर उनीहरूको दिन बित्छ । छात्रावासका अरू साथीको सङ्गतले कहिलेकाहीँ उनीहरू होटलमा गएर पनि खाना खान्छन् । उनीहरू पढाइको काम छैन, विदेश जानुपर्छ भन्ने कुरा पनि गर्छन् ।

एक दिन कलेजको साथीबाट उनीहरूले एक जना ज्योतिषीका बारेमा सुने । ती ज्योतिषी सहरमा प्रसिद्ध थिए । मानिसहरू उनले धेरै शास्त्र पढेका छन् भन्थे । उनले भनेका सबै कुरा ठ्याक्कै मिल्छन् भन्ने भनाइ थियो । सानै उमेरदेखि चिनाटिपन हेर्ने गरेकाले मानिसहरू उनलाई सिपालु ज्योतिषी भन्थे । समाजमा उनी चिप्ला कुरा गर्दैनन्, सही कुरा बोल्छन् भन्ने छाप परेको थियो । उनीकहाँ ज्योतिष हेराउने र सल्लाह लिने मानिसहरूको सधैँ भिड लाग्थ्यो ।

एक दिन कलेजबाट छात्रावास आएपछि सबै साथी मिलेर ज्योतिषीलाई भेट्ने निधो गरे । उनीहरू बिदाको दिन बिहान ज्योतिषीलाई भेट्न गए । सबै जनाले उनलाई नमस्कार गरे ।

ज्योतिषीले सबैभन्दा पहिले राजुतिर हेरे ।

ज्योतिषी : तपाईंको कुरा के छ बाबु ? लौ भन्नुहोस् ।

राजु : हिजोआज पढ्ने जाँगर छैन । बिहानको कलेज छ तर आठ बजेसम्म सुतिरहुँ जस्तो लाग्छ । यस्तो किन भएको गुरु ?

ज्योतिषी : आफूले आफैँलाई अनुशासित नबनाएर यस्तो भएको हो । मानिसले निश्चित समयमा काम गर्ने बानी बसाल्नुपर्छ । कम्तीमा सूर्योदय हुनुभन्दा एक घण्टाअगाडि उठ्नुपर्छ । सूर्यले स्वस्थ भएर पनि बिहानभरि सुतिरहने मानिसलाई देखे भने रोगी बनाइदिन्छन् भन्ने वचन छ । शास्त्रले हाम्रो

हातको टुप्पामा लक्ष्मी, हत्केलामा सरस्वती र हातको फेदमा ब्रह्माजी बस्छन् भनेको छ । त्यसैले ब्युँझनेबित्तिकै पहिले हत्केला हेर्नुपर्छ, मोबाइल होइन । यो बानी बसाउनुभयो भने तपाईंको हित हुन्छ । बाबुहरू विद्यार्थी हुनुहुन्छ । विद्यार्थीले बिहान पन्ध्र मिनेट मात्र भए पनि योग र ध्यान गर्नुपर्छ । यसले शरीर स्वस्थ र मन स्थिर हुन्छ । त्यसबाट पढाइलेखाइ राम्रो हुन्छ । पढाइलेखाइ राम्रो छैन भने नाम मात्रको विद्यार्थी भइन्छ ।

राजु : योग सुनेको त हो तर के हो गुरु योग भनेको ?

ज्योतिषी : योगको कुरा गहिरो छ बाबु ! तपाईंहरूले बुझ्ने छोटो कुरा मात्र भन्छु । तपाईं हामी सबैभित्र मन, बुद्धि र अहङ्कार छ । त्यसलाई योगको भाषामा चित्तवृत्ति भन्छन् । चित्तवृत्तिको रोकावट योग हो । आफूले चाहेको विषयमा चित्तलाई निरन्तर एकाग्र बनाउनु चाहिँ ध्यान हो । अभ्यास गर्दै गएपछि यी कुरा बुझिन्छन् । यिनको अभ्यासबाट फाइदा पनि हुँदै जान्छ ।

अनिल : त्यसपछि के गर्ने नि गुरु ? (उनी गुरुनजिकै गएर बसे ।)

ज्योतिषी : तपाईंले आज नुहाउन भ्याउनुभएन कि कसो, बाबु ! (गुरुले अनुहार बिगार्नुहुन्छ ।)

अनिल : किन र गुरु ?

ज्योतिषी : तपाईंको शरीरबाट केही नमिठो गन्ध आइरहेको छ त !

अनिल : हप्ता दिनमा मयल पर्छ अनि नुहाउँछु ।

ज्योतिषी : त्यसो होइन नि बाबु ! सधैँ नुहाउनुपर्छ । दिनहुँ नुहाउने काम नै गरिँदैन भने अरू के काम गर्नु ? तपाईंलाई थाहा छ, स्नानका दशओटा फाइदा हुन्छन् । लौ गन्नुहोस् - सुन्दर रूप, तेज, बल, चोखोपन, स्वास्थ्य, आयु, लोभ नहुनु, नराम्रा सपनाको नाश, कीर्ति र तिखो बुद्धि । यो मैले भनेको होइन, हजारौँ वर्ष पहिलेका विद्वान्हरूले अनुभव गरेर भनेका हुन् । सधैँ नुहाउने गर्नुहोस् त, हो कि होइन रहेछ ? त्यति मात्र होइन, दाँत माझ्ने पनि नियम छ । सधैँ पूर्व अथवा उत्तरतिर फर्केर दाँत माझ्नुपर्छ, पश्चिम र दक्षिण फर्केर माझ्नुहुँदैन ।

सुरज : खाना खाने नियम पनि बताइदिनुहोस् न त ! मेरो त कहिल्यै पेट नै ठिक हुँदैन ।

ज्योतिषी : हेर्नुहोस् बाबु ! भोजन गर्ने भनेको मुखको चटपटे स्वादका लागि होइन, शरीरको आवश्यकता र मनको स्वच्छताका लागि हो । यो कुरा त मलाई भन्दा स्वास्थ्य शिक्षा पढ्ने तपाईंहरूलाई बढी थाहा हुनुपर्ने हो । भोजन गर्ने पनि नियम छ । ठिक आधा रात र ठिक मध्याह्नको वेला, अजीर्ण भएको वेला, चिसो लुगा लगाएर, अरूका लागि तोकिएको आसनमा बसेर, सुतेर र उभिएर भोजन गर्नु हुँदैन । फुटेको थाल, प्लेट आदिमा, भुइँमा र हातमा थापेर पनि भोजन गर्नु हुँदैन । सूर्यग्रहण र चन्द्रग्रहण लागेको समयमा भोजन गरे पेटको रोग लाग्छ भनिएको छ । धनसम्पत्तिको चाहना गर्ने मानिसले रातमा दही र सातु खानु हुँदैन भन्ने लोकोक्ति पनि छ । खानपिनका नियम धेरै छन् बाबु ! पानी खाने एउटा नियम भन्छु । गोडा धोएर, जप र पूजा गरेर र एकपटक पिएर बाँकी रहेको पानी पिउनु हुँदैन । यस्तो पानी अपवित्र हुन्छ ।

दिनेश : मलाई त कक्षामा पढाइरहेको वेलामा जतिखेर पनि हाइहाइ आउँछ र अल्छी लाग्छ । यस्तो भए के हुन्छ गुरु ?

ज्योतिषी : विद्या आर्जन हुँदैन र दु:ख पाइन्छ । आफूले जानेको सिप र कला पनि खेर जान्छ । अभ्यास नगरेको विद्या र सिप विषजस्तै हुन्छ भन्ने भनाइ छ । अरू के हुन्छ भन्नु ? यो अनुशासनको उल्लङ्घन हो । सभामा बसेको वेलामा मुख नछोपी ठुलो स्वरले हाँस्नु, हाइ गर्नु, खोक्नु, हाच्छिउँ गर्नु र डकार्नु हुँदैन । गुरु, देवता र अग्निका अगाडि गोडा फट्याएर बस्नु हुँदैन । यो असभ्यता हो । यो उमेरमै सभ्यता सिकिएन भने ठुलो भएपछि कुनै औषधी खाएर सभ्य भइन्छ र ?

मनोज : मलाई दिउँसो निद्रा लाग्ने बेलुका सुतेपछि नलाग्ने हुन्छ । यो राम्रो हो कि नराम्रो हो गुरु ?

ज्योतिषी : नराम्रो हो बाबु ! बिरामी मानिसले दिउँसो सुत्नुहुन्छ तर अरूले सुत्नु हुँदैन । शास्त्रले *आयुर्हन्ति दिवा निद्रा* भनेको छ । यसको अर्थ थाहा छ ?

दिउँसो सुत्यो भने आयु घट्छ भनेको हो । यस्ता युवाले दिउँसै सुतेर किन आयु घटाउने ? रोग लाग्ने एउटा कारण दिउँसो सुत्नु र राति नसुत्नु पनि हो । हाम्रो शास्त्रमा रोग लाग्ने कारण पनि बताइएको छ र स्वस्थ हुने उपाय पनि सिकाइएको छ । पढ्नु पर्‍यो नि ! पढ्ने लेख्ने वेलामा यस्तो अल्लारे भएर उँभो लागिन्छ ? तपाईँले राति निद्रा लाग्दैन भन्नुभयो । राति पाँच जनाको नाम सम्झेर सुत्यो भने निद्रा लाग्छ । सम्झिरहनू - अगस्ति, माधव, महाबली मुचुकुन्द, कपिल मुनि र आस्तिक । यिनलाई सुखशायी भन्छन् । सुखशायीको अर्थ सुखपूर्वक शयन गर्ने भन्ने हो । सुत्दा सिरानीको पनि विचार पुर्‍याउनुपर्छ । पूर्वतिर शिर गराएर सुते धन प्राप्त हुन्छ । दक्षिणतिर पारे आयु बढ्छ । पश्चिमतिर पारे ठुलो चिन्ता हुन्छ । सधैँ याद गर्नू ।

सुमन : हाम्रो छात्रावासमा एक दुई जना विद्यार्थी साह्रै झगडालु छन् । झगडा गर्नु पनि नराम्रै हो नि, होइन त गुरु ?

ज्योतिषी : हो बाबु ! ठिक भन्नुभयो । झगडाले सामाजिक वातावरण बिगार्ने मात्र होइन, अरू पनि हानि हुन्छ । बदनामी हुन्छ । झगडाले आयु, धन, मित्र, कीर्ति र सुखको विनाश हुन्छ ।

लौ बाबुहरू ! आज यति नै । पछि आउनुभयो भने थप कुरा फेरि भनुँला ।

तपाईँले आहार तथा विहारको नियम पालना गर्नुभएको छ ? छ भने यसले तपाईँलाई फाइदा गरेको छ कि घाटा गरेको छ ? किन ?

# बहिनीलाई चिठी

रियाद, सउदी अरेबिया

प्यारी बहिनी मनोरमा !                                        २०८१।७।१

असीम माया र आशीर्वाद ।

तिमीले सुनिल काकासँग पठाएको पत्र हिजो पाएँ । ज्यादै खुसी लाग्यो ।

म घरमा हुँदा पनि तिम्रो पढाइ राम्रो थियो । अझ राम्रो गरिछौ । त्यसले मलाई अझ खुसी बनायो । यस्तै गर्दै जाने छौ भन्ने विश्वास गरेको छु ।

तिमीले चिठीमा पढाइ राम्रो भएकाले आफूलाई सबै जनाले ठुलो मान्छे बन भन्ने गरेको कुरा उल्लेख गरेकी रहिछौ । कसैले डाक्टर, कसैले इन्जिनियर र कसैले प्रशासक बन भन्नुभएछ । त्यो उहाँहरूको सद्भाव र आशीर्वाद पनि हो । सद्भाव र आशीर्वादले काम गर्छ भन्ने विश्वास गर्नुपर्छ ।

प्यारी बहिनी !

सबैभन्दा पहिले तिमी असल बन्नुपर्छ अनि मात्र अरू बन । तिमीलाई असल भनेको के हो भन्ने लाग्छ होला । असलमा तीनओटा अक्षर छन् – अ, स, ल । तिमी विद्यार्थी हौ । त्यसैले तिमीले पहिलो अ अर्थात् अध्ययन गर्नुपर्छ । दोस्रो स छ । स भनेको सदाचार हो । तेस्रो ल भनेको चाहिँ लगनशीलता हो । त्यसैले तिमीले निरन्तर अध्ययन गर्‍यौ, सदाचारको पालना गर्‍यौ र लगनशील हुने बानी बसाल्यौ भने तिमी असल हुन्छौ ।

जो असल छ ऊ सफल पनि हुन्छ । सफलमा पनि तीनओटा अक्षर छन् – स, फ, ल । स भनेको सङ्कल्प हो । फ भनेको फलीभूत हुनु हो । ल भनेको लक्ष्य हो । त्यसैले सफल हुन पहिले राम्रो सङ्कल्प गर्नुपर्छ, त्यसलाई परिणामदायक बनाउनुपर्छ अनि लक्ष्य प्राप्त हुन्छ । त्यसैले सधैँ अध्ययन गर्ने, सदाचारको पालना गर्ने, लगनशील भई काम गर्ने, राम्रो कामका लागि सङ्कल्प गर्ने, सङ्कल्पलाई परिणामतिर लैजाने र अन्तिममा लक्ष्य प्राप्त गर्ने मानिस नै असल र सफल हो । तिमी पहिले यस्तै हुनुपर्छ । त्यसपछि डाक्टर बन्छौ कि इन्जिनियर बन्छौ वा अरू केही बन्छौ त्यो तिम्रो खुसी र रुचिको कुरा हो । तिमी

कृषक, मजदुर, सफाइकर्मी, सैनिक, प्रहरी, शिक्षक, सवारीचालक आदि बन्यौ भने पनि पहिलो सर्त यही हो नत्र मानिसले आफूलाई सभ्य, बुद्धिमान्, विवेकी प्राणी भन्नु व्यर्थ हुन्छ ।



तिमीले केही कुराको विचार पनि गर्नुपर्छ । जे गर्न र हुन आँटिन्छ त्यसमा म को हुँ, मेरा इष्टमित्र कति छन्, म कुन ठाउँमा छु, मेरो आम्दानी र खर्च कस्तो छ भन्ने हेक्का राख्नुपर्छ । कहिलेकाहीँ चाहेको पाइँदैन तर नचाहेको आइलाग्छ । त्यसमा धैर्य र सावधान हुन सक्दा मात्र असल र सफल हुने बाटो खुल्छ । तिम्रो इच्छा र खुसीका लागि म जस्तोसुकै दु:ख गर्न पनि तयार छु । त्यही सङ्कल्प लिएर तिमीहरू सबैलाई छोडेर म यहाँ रातोदिन परिश्रम गरिरहेको छु ।

हजुरबुबा हजुरआमालाई मेरो प्रणाम सुनाइदेऊ । तिम्री भाउजू र भाइलाई माया र सम्झना भनिदेऊ । केही समयपछि अलिकति पैसा पठाउने तयारी गर्दै छु । मलाई लामो चिठी लेख्ने फुर्सद पनि छैन । मेरो भावना बुझेर अगि बढ्ने नै छौ ।


तिम्रो धेरै माया गर्ने दाजु

मदन

हामी वैदेशिक रोजगारमा किन जानुपरेको हो ? हामीले स्वदेशमा नै बसी केही गर्न सक्दैनौँ ? यदि सक्छौँ भने कसरी गर्न सकिएला ? के गर्न सकिएला ?

# म

म सच्चा एक नेपाली देशको सानु बालक
म नै हुँ शान्तिको दूत देशको नित्य रक्षक ।
सत्यको पक्षमा लड्छु असत्यसँग झुक्दिनँ
विपत्ति देशमा पर्दा डराईकन लुक्दिनँ ।
म धीर वीर सन्तोषी चञ्चलेपन छोड्दछु
श्रमले बाँच्न चाहन्छु अल्छ्याइँ सब तोड्दछु ।
म आफ्नोपन देखाई चम्किन्छु विश्व माझमा
परोपकार विश्वास उत्साह शील छन् ममा ।




म मान्यजनको आज्ञा
मान्दछु फुर्तिलो बनी
आतिथ्य सबको गर्छु
अतिथि देव हुन् भनी ।
अरूका साथमा बस्दा
म एक्लै खान्नँ क्यै पनि
लुकाई एक्लै खाने
बिरालो हुन्छ रे भनी ।
म विद्यार्जनको लोभी
धनको लोभ गर्दिनँ
सत्कर्म धर्म हो मेरो
पापमा अगि सर्दिनँ ।
तराई फाँट मैदान
पहाड हिम टाकुरी
आफ्नै शरीर झैं प्यारा
लाग्छ माया बराबरी ।
दसैं तिहार ल्होसार
इद होली तथा छठ
चण्डीनाच उँधौली र
उँभौलीका महोत्सव ।
शिवरात्रि र म्हपूजा
माघी वैशाख पूर्णिमा
रक्षाबन्धन स्वस्थानी
व्रत सम्मान गर्छु म ।
मेरा पूर्वजका गाथा
सम्झी गौरव गर्छु म
देशका निम्ति बाँचेर
देशकै निम्ति मर्छु म ।

तपाईं आफूलाई कसरी चिनाउन चाहनुहुन्छ ? अरूसँग के कस्तो व्यवहार गर्नुहुन्छ ? आफ्नो समाज र देशका लागि के के गर्न सक्नुहुन्छ ?

# मेरो बेहोसी

बरबादै भयो । सानो बेहोसीले गर्दा त्यत्रो नोक्सान भयो । यो कुरा अब घरमा कसरी सुनाउने ? अरू साथीलाई दोष दिने कामै छैन, मेरै गल्ती हो । त्यति महँगो केक काटेर, मैनबत्ती बालेर भव्य रूपमा मनाउन लागेको जन्मोत्सव पनि दु:खमा बदलियो । रमाइलो गर्न खोज्दा झन् नरमाइलो भयो । (कोल्टे फर्केर) कस्तो बोर !



त्यति धेरै मैनबत्ती बालेर मोबाइलले फोटो खिच्दा मैले राम्ररी हेर्नुपर्ने नि ! साथीहरूले एकै पटक 'ह्याप्पी बर्थ डे टु यु !' भने । त्यही खुसीमा फोटो खिच्न खोज्दा कुहिनामा ठोक्किएर टेबुलमा बलिरहेको मैनबत्ती भुइँमा खस्यो । किताब पनि जले । कतै जागिर खुल्यो भने चाहिन्छ भनेर घरबाट प्रमाणपत्र र नागरिकता पनि लिएर आएँ । ती पनि डढेर सिद्धिए । सबै खरानी । अब के गर्ने ? अरूभन्दा पनि सबैभन्दा ठुलो समस्या माध्यमिक तहको प्रमाणपत्र र नागरिकता बनाउन हुने भयो । कति दु:ख होला ? यो

महिनाको कोठाभाडा छुट्याएर राखेको थिएँ । त्यो पनि स्वाहा । यस्तो भयो भनेर बाबालाई कसरी सुनाउने ? के भन्नुहोला ?

आगो पनि कति छिटो सल्केको नि ! निभाउँदा निभाउँदै त्यत्रो जलिहाल्यो । घरपटी दाइले सहयोग नगरेको भए त अझ के के हुन्थ्यो ! आगो निभाउँदा मलाई शुभकामना दिन आएको अजयको हातै पोल्यो । बिचरा ! कस्तो नमज्जा भयो ।

घरपटि आमाले त अगि नै भनिसक्नुभयो, भोलि नै कोठा छोडेर जा रे । केही समय अगिसम्म त्यस्तो माया गर्ने मान्छे । अब भोलि नै कता जानु ? आफ्नो गल्तीले आफैँ सिद्धिने भएँ । आकाश जमिनको फरक । धेरै हाउडे र उत्ताउलो पनि हुनुहुँदो रहेनछ ।

जन्मोत्सव कोठामा नमनाएर रेस्टुराँमा मनाएको भए पनि हुने नि ! तर रेस्टुराँमा मनाउँदा बढी पैसा लाग्थ्यो । कोठामै पनि यत्रो तामझाम नगरी मन मिल्दा साथीबाट शुभकामना लिएर जन्मोत्सव मनाएको भए हुने नि । मैनबत्ती नबाली जन्मोत्सव नै नहुने जस्तो । हुन त हाम्रा हरेक संस्कारमा अग्नि आवश्यक छ भन्ने सुनेको थिएँ । तर अग्निको ठिकसँग प्रयोग गर्नुपर्ने रहेछ । अहिले लाग्छ, मैनबत्तीको सट्टा सुरक्षित ठाउँमा दियो बालेको भए हुन्थ्यो कि ! साँच्चै यो जन्मोत्सव अरूको देखासिकी गरेर मनाउनुपर्छ भन्ने के छ र ? अरू तरिका छैनन् र ? गरिब, अशक्तहरूलाई केही दिएर तथा ज्येष्ठ नागरिकबाट आशीर्वाद लिएर पनि मनाउन सकिन्थ्यो । त्यस्तो मैले देखेसुनेको पनि थिएँ । बिगार भइसकेपछि अहिले यस्तो सोचेर के काम ? तनाव मात्र । यस्तो बुद्धि काम गर्नुभन्दा पहिले आउनु नि ! कति राम्रो हुन्थ्यो ।

कुनै काम भावनामा बगेर मात्र गर्नु नहुने रहेछ । राम्रोसँग सोचविचार गरेर, व्यवस्था मिलाएर र परिणाम विचार गरेर मात्र गर्नुपर्दो रहेछ भन्ने आज थाहा भयो । एउटा नीतिकथामा पढेको थिएँ– भोकाएको बिरालाले कचौराको दुध मात्र देख्छ, छेउमा लाठो लिएर बसेको मान्छे देख्दैन भनेर । टाउकामाथि लाठो बर्सिएपछि दुध खाएको आनन्द सबै सिद्धिन्छ । आज म त्यही बिरालो जस्तो भएँ । अब म यो कुरा न घरमा भन्न सक्छु; न घरमा जान सक्छु न त यो सहरमा टिक्न नै सक्छु । बेहाल हुने भयो ।

अर्को सालबाट जन्मोत्सव अर्कै पाराले मनाउँछु । देवीदेवताको दर्शन गरेर, गुरु र मान्यजनको आशीर्वाद लिएर र गरिब, अनाथहरूलाई सानोतिनो सहयोग गरेर मनाउँछु ।

धेरै खर्च पनि नहुने सुरक्षित पनि हुने । आफैँलाई सोध्न मन लाग्छ– हजुरबुबा, हजुरआमा, बुबा, आमा र दाजुले गाउँमा बसेर सामान्य शुभकामना र आशीर्वाद लिएर जन्मोत्सव मनाउँदा हुने, मैले चाहिँ यो खर्चिलो र उत्ताउलो तामझाम किन गर्नुपर्ने ? अब जे भयो, भयो । भोलि उठेर घरपटीलाई जानी जानी गरेको होइन, बेहोसी भयो भनेर माफी माग्छु । आइन्दा यस्तो गल्ती गर्दिनँ भनेर विश्वास पनि दिलाउँछु । म नराम्रो मान्छे होइन तर बेहोसीले नराम्रो भएँ । तनावले होला निद्रा लागेन, टाउको पनि दुःखिरहेको छ । (घडी हेरेर) ओहो ! रातको बाह्र बजिसकेछ । अब त निद्रा लागिदिए हुन्थ्यो नि !

के तपाईँले पनि देखासिखीमा यस्ता काम गर्ने गर्नुभएको छ ? तपाईँलाई थाहै नभई गल्ती हुन पुगी त्यसको पछुतो भएको छ ? यदि छ भने त्यसलाई तपाईँले सच्याउनुभयो ?

# को ज्ञानी ?

एक जना बौद्ध भिक्षु थिए । उनको उमेर बिस वर्ष जति थियो । उनी अत्यन्त चलाख र प्रतिभाशाली थिए । उनी अनेक विद्या र कला सिक्न सधैँ तत्पर हुन्थे । उनी आफ्नो प्रशंसा होओस् भनेर विभिन्न कला सिक्न र अभ्यास गर्न चाहन्थे । यसका लागि उनले अनेकौँ ठाउँको भ्रमण गरे ।



भिक्षुले एक ठाउँमा एक जना मानिसले पुल बनाउँदै गरेको देखे । उनले त्यस मानिसबाट तुरुन्त पुल बनाउने कला सिके । उनी अर्को ठाउँमा गए । त्यहाँ मानिसहरू डुङ्गा बनाउँदै थिए । उनले डुङ्गा बनाउने कला पनि छिट्टै सिके ।

भिक्षु त्यहाँबाट अर्को ठाउँमा पुगे । त्यहाँ धेरै मानिस घर बनाउँदै थिए । भिक्षुले ती मानिसबाट घर बनाउने कला पनि राम्ररी सिके । भिक्षुले सोह्र ठाउँमा गएर अनेक कला सिके र तिनमा उनी निपुण भए ।

सबै कला सिकेपछि भिक्षु आफू बस्ने ठाउँमा फर्के । त्यहाँ आएर उनले मानिसहरूलाई सोधे, “धर्तीमा म बराबरको चलाख, निपुण र गुणी व्यक्ति कोही छ ?”

ती भिक्षुको चाला देखेर भगवान् गौतम बुद्धलाई दया लाग्यो । बुद्धलाई भिक्षुले एउटा कला सिक्न बाँकी रहेछ भन्ने लाग्यो ।

बुद्धले एक जना बुढो भिक्षुको वेश बनाए र भिक्षापात्र लिएर उनी युवा भिक्षुकहाँ गए ।

युवा भिक्षुले अभिमान देखाउँदै सोधे, “तिमी को हौ ?”

बुद्धले भने, “म आफ्नो शरीरलाई वशमा राख्ने एक जना मानिस हुँ ।”

युवा भिक्षुले भने, “तिमीले यो के भनेको ? मैले कुरा बुझिनँ नि !”

बुद्धले भने, “सिपालु व्यक्तिले पुल बनाउँछ, डुङ्गा बनाउँछ र घर पनि बनाउँछ । ज्ञानीको काम त आफ्नो शरीर र मनलाई वशमा राख्नु हो नि । त्यति पनि गर्न नसके केको ज्ञानी ?”

युवा भिक्षुले भने, “त्यो कसरी गर्ने त ?”

बुद्धले भने, “कसैले प्रशंसा गरेर पनि जसको मन चञ्चल हुँदैन, उसको मनमा अहङ्कार आउँदैन, त्यही मानिस ज्ञानी हो । कसैले निन्दा गरेर पनि जो शान्त रहन्छ त्यही मानिस ज्ञानी हो ।”

युवा भिक्षुले ज्ञानी हुनुको रहस्य बुझे । उनलाई आफ्नो अभिमानको गल्ती बोध भयो । अब ज्ञानी हुने मार्गमा लाग्ने अठोट गरे ।

तपाईं अरूले प्रशंसा गर्दा कस्तो महसुस गर्नुहुन्छ ? यदि कसैले निन्दा गरेको अवस्थामा के गर्नुहुन्छ ? प्रशंसा र निन्दाबाट टाढै बसी शान्त रहन तपाईंले के कस्ता उपायहरू अवलम्बन गर्नुहुन्छ ? के ज्ञानी बन्न यसले सहयोग गरेको महसुस गर्नुभएको छ ?

# रविमानको जुक्ति

रविमान सहरका बासिन्दा हुन् । उनी व्यापार गर्छन् । उनको किराना पसल छ । यो पसल उनका बाबुबाजेकै पालादेखि चल्दै आएको छ । रविमानको बोलीवचन साह्रै राम्रो छ । उनी नाफा धेरै खाँदैनन् र सामान पनि राम्रा तथा सक्कली दिन्छन् । गाउँका मानिसहरू पनि रविमानकै पसलमा किन्न आउँछन् । रविमानको पसल भनेपछि सबैले चिन्छन् । इमानदारीसाथ व्यापार गरेर उनले राम्रो आम्दानी गरेका छन् ।

रविमानको परिवारमा सात जना छन् - बाबुआमा, दुई छोरी र तीन छोरा । छोराछोरीहरू विद्यालयमा पढ्छन् । रविमान साना छोराछोरी नउठ्दै बिहानै पसल जान्छन् । उनकी पत्नी घरको सबै काम गर्छिन् । कुनै दिन रविमान घरको काम गर्छन् र उनकी पत्नी पसलमा बस्छिन् । कहिलेकाहीँ ठुली छोरी र जेठा छोराले बुबाआमाको काममा सघाउँछन् ।

छोराछोरी साना हुँदा रविमानकी पत्नीलाई घरको काम गर्न केही सजिलो थियो । उनीहरू सबै जना विद्यालय जान थालेपछि उनलाई गाह्रो हुन थालेको छ । समयमा खाना बनाउनुपर्छ । सबैलाई एकै थरी तरकारीले हुँदैन । एउटाले एक थोक खान्छु भन्छ अर्काले अर्को थोक । खाजा पनि व्यक्तिपिच्छे बेग्लाबेग्लै हालिदिनुपर्छ । रविमानले खाजामा एउटा एउटा फलफूल पनि राखिदिनु भनेका छन् । सबैलाई फलफूल पनि बेग्लाबेग्लै चाहिन्छ । छोराछोरीलाई विद्यालय पठाउन आमालाई भ्याइनभ्याइ हुन्छ ।

बिदाको दिन पनि सबैलाई एउटै खाजा बनाएर हुँदैन । पाँच जनालाई पाँच थरी खाजा बनाउनुपर्छ । कोही घरको खाजा मिठो भएन भनेर होटलमा गएर खान्छन् । घरमा बाहिरका मानिस छैनन् भनेर दराजमा साँचो लगाउने गरेको छैन । केटाकेटी आफ्नो मनखुसी दराजबाट पैसा झिक्छन् र पसलमा किन्न जान्छन् । आमाबाबुलाई भन्दैनन् । धेरै पैसा लिएर बाहिर गए भने फिर्ता ल्याएर राख्दैनन् । घरमा उमालेर चिसो बनाएको पानी पिउँदैनन्, पसलमा पाइने बोतलका रङ्गीन पानी किनेर पिउँछन् ।

बेलुका टेलिभिजन हेर्ने कुरामा उस्तै विवाद हुन्छ । एउटा कार्टुन हेर्ने भन्छ; अर्को जनावरको ‘च्यानल’ हेर्ने भन्छ । कोही खेल हेर्ने, कोही नाचगान हेर्ने र कोही ‘टेलिशृङ्खला’ हेर्ने

भन्छन् । आपसमा कुस्ती खेल्छन् । 'रिमोट' खोसाखोस र फालाफाल हुन्छ । रविमान पसलबाट राति घर आउँदा सधैँ यस्तो दृश्य देख्छन् ।

एक दिन बेलुका रविमानकी पत्नीले महिना दिनका लागि खटाएर दिएको खर्चले नपुगेको कुरा गरिन् । उनले ग्याँस तथा खानेकुरा सबैमा पहिलेभन्दा तेब्बर खर्च बढेको कुरा गरिन् । पत्नीको कुरा सुनेर रविमान झस्के । व्यापारबाट आएको सबै आम्दानीले पनि घरखर्च नचल्ने देखियो । छोराछोरीको पढाइ खर्च धान्न पनि धौ धौ पर्ने भयो । अरू व्यवहार कसरी चलाउने भनेर रविमान चिन्तित भए ।

बिदाको दिन थियो । रविमान सहयोगीलाई पसल हेर्दै गर भनेर घरमै बसे । उनले परिवारका सबै सदस्यलाई एकै ठाउँमा राखे । उनले सबैलाई घरको परिस्थिति देखाउँदै सम्झाइबुझाइ गरेर भने, “अबदेखि तरकारी एउटा पकाउने र सबैले त्यही खाने । खाने वेलामा आमासँग झगडा नगर्ने । खाजा पनि घरमा बनाएको लैजाने । फलफूल व्यक्तिपिच्छे छानी छानी किन्ने होइन । आमाले किनेर ल्याएका मौसमअनुसारका फलफूल खाजामा लैजाने । कसैले पनि दराजको पैसा मनखुसी झिकेर खर्च गर्ने होइन । अति आवश्यक पर्दा आमासँग मागेर लैजाने र फिर्ता आए आमालाई नै दिने । घरखर्च घरको एक जना मानिसले गर्नुपर्छ, धेरै जनाले गरे सह जान्छ भन्ने छ ।”

कान्छो छोराले भन्यो, “बिदाको दिन के खाने नि ?”

रविमानले भने, “हरेक बिदाको दिन पालो गरी सबैले एउटै खाजा खाने । चना चिउरा, रोटी तरकारी, मकै भटमास, मुगीको बारा, चना, जौ र मकै मिसाएको सातु पालो मिलाएर खाने । घरकै खानेपानी पिउने । सकेसम्म दिनैपिच्छे खानेकुरा खाएको एक घण्टा जति पछि मोही पिउने । यसले खाएको कुरा राम्ररी पचाउन मदत गर्छ । मोही त पाचक जस्तै हो ।”

माहिली छोरीले सोधी, “बा ! टेलिभिजन हेर्न के गर्ने नि ?”

रविमानले भने, “जसले जतिखेर मन लाग्यो त्यतिखेर टेलिभिजन नखोल्ने । यो सदुपयोग गर्न आविष्कार भएको हो । त्यसैले यसको दुरुपयोग गर्नु हुँदैन । सबैको पढाइलेखाइमा सहयोग पुग्ने कार्यक्रम हेर्ने । सूचना, स्वस्थ मनोरञ्जनका कार्यक्रम पनि समय मिलाएर हेर्ने तर कसैलाई असभ्य भाषामा निन्दा र गाली गरेका कार्यक्रम नहेर्ने । त्यसले

तिमीहरूको भाषा र मन दुवै बिगारिदिन्छ । कसैप्रति पूर्वाग्रही पनि बनाइदिन सक्छ । तिमीहरूले जान्नुपर्ने कुरा मात्र जान्नु, जान्नु नपर्ने कुरा नजाने पनि घाटा लाग्दैन । भोलिपर्सि तिमीहरू अवस्था र आवश्यकताअनुसार सबै कुरा बुझ्दै जाने छौ । कतिपय कुरा समयले पनि तिमीहरूलाई सिकाउने छ ।"

एक महिना भयो, हिजोआज रविमानको घरखर्च आधाभन्दा बढी घटेको छ । उनकी पत्नीलाई कामको चटारो पनि निकै कम भएको छ । कहिलेकाहीँ त केटाकेटीहरू आफैँ म के काम गरूँ आमा भनेर सोध्छन् । उनीहरू पहिलेभन्दा धेरै असल र अनुशासित भएका छन् । सबै जना घरायसी अनुशासनको पालना गर्छन् । केटाकेटी आमालाई नसोधी दराजबाट पैसा झिक्दैनन् । कारण बताएर आमाले दिएपछि मात्र आवश्यक कुरामा खर्च गर्छन् । उनीहरूको पढाइ धेरै सुध्रिएको छ । सबै जना मिलेर गृहकार्य गर्छन् । टेलिभिजन हेर्ने कुरामा झगडा हुँदैन । मिलेर लहरै बस्छन् र हेर्छन् । नबुझेको कुरा मात्र आपसमा सोध्छन् नत्र नबोली हेर्छन् । रविमान भोलिपर्सि छोराछोरीलाई राम्रो शिक्षा दिनुपर्छ भनेर पसलको आधा आम्दानी महिनैपिच्छे बैङ्कमा लगेर जम्मा गर्छन् । उनलाई केही कुराको चिन्ता छैन ।

कुनै समस्या समाधान गर्न वा भुल सुधार गर्न रविमानको जस्तै गरी कुनै जुक्ति लगाउनुभएको छ वा छैन ? यदि लगाउनुभएको छ भने त्यो प्रभावकारी भएको छ वा छैन ?

# हाम्रो समाज

कक्षा ८ का विद्यार्थीलाई शिक्षकले 'हाम्रो समाज' शीर्षकमा कविता लेख्ने तरिका सिकाउनुभयो । उहाँले हाम्रो देशमा अनेक जातजातिका मानिसहरू एकै स्थानमा बसोबास गर्छन् । यिनले मान्ने धर्म फरक फरक छन्, तिनका भाषा पनि फरक फरक छन् । तिनका लवाइखवाइ, चालचलन, वेशभूषा आदिमा पनि भिन्नता छ भन्ने कुरा बुझाउँदै विद्यार्थीलाई कविता लेखेर ल्याउनू भन्नुभयो । यसअनुसार तीन जना विद्यार्थीले कविता लेखी कक्षामा सुनाए । 'हाम्रो समाज' शीर्षकमा विद्यार्थीले कक्षामा सुनाएका कविता यसप्रकार छन् :




१. **सबनम खातुनको कविता**

वरिपरि खेतीपाती बिचमा छ गाउँ ।

मलाई त मनपर्छ यही आफ्नो ठाउँ ।।

कृषिकर्म सबै जना मिलेर नै गर्छन् ।
मेलापर्म गर्दै गर्दै काम अगि सार्छन् ।।

गाउँघरमा सँगसँगै मन्दिर, मस्जिद गुम्बा ।
आफ्ना आफ्ना पूजापाठमा भएका छन् जम्मा ।।
एउटाले अर्काप्रति सम्मान गर्ने बानी ।
धर्मकर्म आफ्नै गर्छन् सहिष्णुता ठानी ।।

पल्लो घरकी दिदीको अर्को हप्ता बिहे ।
यसका लागि गाउँलेहरू जम्मा हुँदै थिए ।।
एकले पर्दा अर्कालाई धेरै सहयोग गर्ने ।
कति राम्रो हाम्रो समाज सबलाई मनपर्ने ।।

२. **मोहनबाबु बस्नेतको कविता**

हिमाल राम्रो पहाड राम्रो तराई राम्रो हो ।
सुन्दरताको नमुना हो यो, यो देश हाम्रो हो ।।
नेपाली हामी नेपाली समाज नेपाली मन छ ।
नेपाल हाम्रो सर्वस्व मान्ने नेपाली पन छ ।।

हिमाल, पहाड, तराईभरको समाज मिलेको ।
सबैमा हेर स्वदेशी भाव झलक्क झल्केको ।।
विविधतामा एकता हाम्रो यही नै धर्म हो ।
नेपाली समाज मिलाइराख्नु प्रमुख कर्म हो ।।

भाषा र धर्म संस्कृति सबै जोगाइराख्नु छ ।
नेपाली आत्मा भित्रको आवाज बचाइराख्नु छ ।।
समाज हाम्रो मिलेको नै छ मिलाई लग्नु छ ।
आपसमा केही समस्या आए समाधान खोज्नु छ ।।

### ३. पूर्णिमा परियारको कविता

हाम्रो देश,
स्वतन्त्र देश,
गणतन्त्र नेपाल,
विकासको बाटोमा दौडिरहेको,
संविधान हाम्रो,
संविधान राम्रो,
सबैलाई समान मान्ने,
सबैको सम्मान गर्ने,
देशलाई राम्रो पार्ने,
सबै नेपालीले मिलेर बनाएको,
संविधान हाम्रो ।

हाम्रो गणतन्त्रले भन्छ,
हाम्रो संविधानले भन्छ,
अनि हाम्रो सिङ्गो देशले भन्छ -
सबै नेपालीको भलो गरौं,

नराम्रा चालचलन हटाऔँ,
कसैप्रति भेदभाव नगरौँ,
समाजका कमजोरी हटाऔँ,
हामी सबै नेपाल आमाका सन्तान हौँ,
हामी पराइ हैनौँ
हामी सबै एकै हौँ,
यही कुरा बुझौँ,
यही कुरा बुझाऔँ
अनि हामी सबैले -
'नेपाल आमाको जय' भन्ने कुरा मनमा राखौँ,
'नेपालीको जय' भन्ने कुरा पनि मनमा राखौँ ।

हाम्रो समाजमा विविधता छ । हाम्रा चाडपर्व, खानपान र बोलीव्यवहारमा विविधता छ । यसर्थ यी सबै विविधतालाई सम्मान गरेर अगि बढ्न हामीले के के गर्नुपर्ला ?

# साझा फूलबारी

सिद्धार्थ र सरला दाजुबहिनी हुन् । सरलाभन्दा सिद्धार्थ पाँच वर्षले जेठा छन् । पढाइमा दुबै जना राम्रो ध्यान दिने गर्छन् । पढाइका विषयमा आफूले नजानेका कुराहरू दाजुसँग सोध्न सरला सधैँ उत्साहित हुन्छिन् । दाजु सिद्धार्थले पनि बहिनीलाई नजानेका कुराहरू राम्ररी सिकाउने गर्छन् । यहाँ यस्तै पढाइका बारेमा दाजुबहिनीका बिचमा भएको संवाद यसप्रकार प्रस्तुत गरिएको छ :




सरला : दाजु ! आज सामाजिक अध्ययन विषयका शिक्षकले नेपालको एकीकरणसम्बन्धी पाठ पढाउनुभयो । उहाँले नेपालको एकीकरणमा राजा पृथ्वीनारायण शाहको योगदानका बारेमा बताउनुभयो । सरले व्याख्या गर्नुभएका सबैजसो कुराहरू मैले बुझेँ तर उहाँले हाम्रो देश नेपाल 'साझा फूलबारी हो' भन्नुभयो । त्यसबारे मैले राम्ररी बुझ्न सकिनँ, मलाई बुझाइदिनुहोस् न !

सिद्धार्थ : आहा सरु ! तिमीले कति राम्रो प्रश्न गऱ्यौ । ल सुन । तिमीले सधैँ देखिरहेको ऊ त्यो तिम्रो स्कुलको फूलबारीलाई फेरि एकपटक गहिरिएर हेर त ! त्यहाँ

वरिपरि ठुला रुखहरू छन् । बिचमा रङ्गीचङ्गी बगैँचा छ । त्यहाँ बेली, चमेली, सयपत्री, गोदावरी, इन्द्रकमलजस्ता फूलका बोट लहरै उभिएका छन् । सेता, राता, पहेँला, निला आदि अनेक रङका फूल फुलेका छन् । त्यस्तो देख्दा तिमीलाई कस्तो लाग्यो ? भन त !

सरला : (केहीबेर फूलबारीतर्फ हेरी विचार गर्दै) ओहो दाजु ! मैले त त्यो फूलबारी सधैँ हेरेको तर अहिले यहाँले भन्नुभएपछि गहिरिएर हेर्दा मेरो मनमा बेग्लै आनन्दको अनुभूति भएको छ ।

सिद्धार्थ : कस्तो अनुभूति भयो त !

सरला : कति आकर्षक ! यति धेरै रङहरूको संयोजन एकै ठाउँमा देख्न पाउँदा जुन आनन्दको अनुभूति भएको छ त्यसलाई शब्दमा प्रभावकारी ढङ्गले व्यक्त गर्न सक्दिनँ म त !

सिद्धार्थ : हो यही हो 'साझा फूलबारी' भनेको । अझ गहिरिएर विचार गर त ! हाम्रो पूरै देश पनि यस्तै फूलबारी हो । यही बगैँचाजस्तै हाम्रो सिङ्गो देशको कल्पना गर त ! हाम्रो मेचीदेखि महाकालीसम्म फैलिएको देश पनि त साझा फूलबारी हो नि ! होइन र ?

सरला : हो नि दाजु ! अहिले केही बुझ्न थालेँ । शिक्षकले पनि कक्षामा हाम्रो देशलाई सबैको साझा फूलबारी भनेर बताउनुभएको थियो । यो कुरा त जति मनन गर्‍यो त्यति गहिरो हुँदै जान्छ । सरल भाषामा भन्दा हामी अनेक जाति, भाषा, धर्म र संस्कृति अँगालेका नेपालीहरू पनि त एउटै फूलबारीका फूल जस्तै रहेछौँ ।

सिद्धार्थ : हो नि ! एउटा दुइटा फूलभन्दा धेरै रङ र प्रकारका फूलहरू फुल्दा बगैँचाको शोभा बढेजस्तै हाम्रो देशमा पनि विभिन्न जाति, भाषा, धर्म र संस्कृति अँगालेका मानिस आपसी सद्भावका साथ बस्दा देशको शोभा बढेको छ ।

सरला : हो त ! सरले हाम्रो समाजलाई विविधतामा एकतायुक्त समाज भन्नुभएको थियो । यही रहेछ दाजु ! बल्ल बुझेँ ।

तपाईँलाई विविधता मन पर्छ कि पर्दैन ? विविधता किन मन परेको वा नपरेको होला ? विविधतामा एकता हुन किन आवश्यक भएको होला ?

# मेरा हक र हित

यशोदाले एक दैनिक पत्रमा आफ्नो विचार प्रकाशन गर्न चाहना राखिन् । त्यसका लागि यस्तो लेख तयार पारिन् :

हाम्रो संसारमा हाल आठ अरबभन्दा बढी मानिस रहेका छन् । ती सबै मिलेर हाम्रो मानव समाज बनेको छ । समाज सञ्चालनमा ती सबैको महत्त्वपूर्ण भूमिका रहन्छ । यसर्थ समाज सञ्चालनका लागि लैङ्गिक व्यवस्थापन हुनु उपयुक्त छ ।

सामान्य अर्थमा लैङ्गिक भनेको लिङ्गसँग सम्बन्धित भन्ने हो । यसमा महिला, पुरुष र तेस्रो लिङ्गीसमेत पर्छन् । लिङ्ग र लैङ्गिक शब्दमा फरक छ । लिङ्गले जैविक स्वरूप बुझिन्छ । तर लैङ्गिक शब्दले समाजमा महिला, पुरुष र तेस्रो लिङ्गीको अवस्था कस्तो छ भन्नेबारे बुझिन्छ । यसले हामीले लिङ्ग र लैङ्गिक अवस्थाका बारेमा गहिरो बुझाइ गर्न आवश्यक देखिन्छ ।



समाज वा परिवारमा लिङ्गका आधारमा व्यक्तिको भूमिका फरक हुन सक्छ । कतिपय समाजमा महिलाको तुलनामा पुरुषको सक्रियता र सहभागिता बढी देखिन्छ । यसमा धर्म

र संस्कृतिले पनि प्रभाव पारेको हुन्छ । वास्तवमा लैङ्गिक अवस्था मानिसहरूले निर्माण गरेका हुन् । यसमा निरन्तर परिवर्तन भइरहेको देखिन्छ ।

पहिले नेपालमा सतीप्रथा कायम थियो । यस्तो प्रथामा कुनै विवाहित पुरुषको मृत्यु भएमा पत्नीलाई पनि सती जान बाध्य पारिन्थ्यो । कुनै नारी सती नजाँदा विधवाका रूपमा समाजमा अपहेलित भएर रहनुपर्ने बाध्यता थियो । यस्तो अत्यन्त खराब प्रथालाई राणा प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं. १९७७ मा अन्त्य गराए ।

नेपालमा विगतमा बालविवाहबाट पनि महिलाहरू पीडित हुँदै आएका थिए । सानो उमेरमा विवाह गर्नाले महिलाले जीवनभर स्वास्थ्य र अन्य समस्या बेहोर्नुपर्थ्यो । त्यसैगरी बोक्सीप्रथा, छाउपडीप्रथा आदिबाट पनि महिलाहरू पीडित भएका थिए ।

२००७ सालमा प्रजातन्त्र प्राप्तिपछि पनि जनताको चाहनाबमोजिम महिलाको अवस्थामा सुधार भएन । २०४६ सालको परिवर्तनपछि महिला हकहितको संरक्षणमा केही प्रगति भयो । २०७२ सालमा जारी भएको नेपालको संविधानमा महिला हकहितका धेरै विषयवस्तु समेटिएका छन् । संविधान र कानुनमा लेखिएका विषयवस्तुलाई व्यवहारमा उतार्न निकै कठिन हुन्छ । लामो समयदेखि एक किसिमको सामाजिक अभ्यासमा लागेको समुदायलाई परिवर्तन गर्न निकै मिहिनेत गर्नुपर्छ ।

नेपालको समाज र संस्कृतिमा क्रमैसँग परिवर्तन हुँदै आएको पाइन्छ । यसमा जानेर र नजानीकन पनि परिवर्तन भएको पाइन्छ । शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदि क्षेत्रमा आएको परिवर्तनसँगै नेपाली समाजमा पनि परिवर्तन देखा परेको छ । नेपालमा २००७ सालको क्रान्तिपछि सरकारका तर्फबाट पनि परिवर्तनका प्रयास भएका छन् । त्यसैगरी महिला हकहितका सम्बन्धमा २०६२/०६३ को आन्दोलनपछि धेरै कार्य भएका छन् । नेपालको संविधान (२०७२) ले राष्ट्रिय महिला आयोगको गठनलाई संविधानमा नै समावेश गरेको छ । यसबाट नेपालका महिलाको हकहितको संरक्षणमा विशेष योगदान पुग्न गएको देखिन्छ । यसै पनि म एक महिला भएकाले मेरा हक र हित सबै महिलाका हकहितसँग जोडिएका छन् । त्यसैले महिला हकहितका लागि मैले विशेष पहल गर्नु सान्दर्भिक हुने देखिन्छ ।

यशोदाले जस्तै गरी तपाईंले आफ्ना हक र हितका बारेमा सोधीखोजी गर्नुभएको छ ? तपाईंका हक र हित कहाँ कहाँ र को कोसँग जोडिएका छन् त ? के तपाईं पनि कुनै पत्रिकाका लागि आफ्नो विचारमा आधारित लेख तयार पार्न सक्नुहुन्छ, प्रयास गर्नुहोस् त ।

# निशान छापले के भन्छ ?

हरेक वर्ष जेठ १५ गतेका दिन नेपालमा गणतन्त्र दिवस मनाइन्छ । यस अवसरमा जनसेवा माध्यमिक विद्यालयमा विशेष सरसफाइ कार्यक्रमको आयोजना गरिएको छ । त्यहाँ कार्यक्रम सुरु हुनुभन्दा आधा घण्टा अगाडि नै शिक्षकहरू सुपचन र मन्दिराका साथै विद्यार्थी जहरीलाल, सरला, अर्चना र अतुल विद्यालयमा आइसकेका छन् । अन्य शिक्षक एवम् विद्यार्थी पनि आउने क्रम जारी छ । विद्यालयका भवनमा सादा जीवन उच्च विचार, *विद्याधनं सर्वधनप्रधानम्, सत्यं वद* आदि आदर्श वाक्यांश लेखिएका छन् । यस्ता कतिपय वाक्यांशका अर्थ विद्यार्थीले बुझेका हुँदैनन् । यसै सन्दर्भमा शिक्षक र विद्यार्थीका बिचमा भएको संवाद यसप्रकार छ :




अतुल : गुरु ! विद्यालयको मूल भवनको अगाडिपट्टि *"जननी जन्मभूमिश्च"* इत्यादि लेखिएको छ । त्यसलाई मैले राम्रोसँग पूरा पढ्न सकिनँ । त्यसको अर्थ के होला गुरु ?

सुपचन : ओहो अतुल ! त्यति पनि पूरा पढ्न सकेनौ । जहरीलाल ! तिमी पढ त !

जहरीलाल : 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' लेखिएको छ नि !, मैले पढेको ठिक भयो सर ?

मन्दिरा : आहा ! जहरीलालले कति राम्रोसँग पढेको । यो वाक्य त हाम्रो निशान छापमा अङ्कित छ । यो वाक्य वाल्मीकि रामायणको हो भन्ने मैले बुझेकी छु ।

सुपचन : हो नि यहाँले ठिक भन्नुभो । यो वाल्मीकि रामायणको वाक्य हो । यसको अर्थ सुन अतुल । 'जननी' भनेकी आमा, 'जन्मभूमि' भनेको आफू जन्मेको ठाउँ अर्थात् आफ्नो मातृभूमि भन्ने हो । 'स्वर्गादपि' दुई शब्द मिलेर बनेको संयुक्त शब्द हो । 'स्वर्गात्' र 'अपि' भन्ने शब्द मिलेर 'स्वर्गादपि' शब्द बन्दछ । स्वर्गात्को अर्थ 'स्वर्गभन्दा' भन्ने हो भने अपिको अर्थ 'पनि' भन्ने हो । 'गरीयसी' भनेको ठुलो वा राम्रो भन्ने हो । यसको पूरा भावार्थ 'जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि ठुला हुन्' भन्ने हुन्छ ।

सरला : आहा ! कति राम्रो कुरा रहेछ । मैले त सधैँ पढ्ने गरेको हो तर यसको पूरै अर्थ बुझेकी थिइनँ । आज बल्ल बुझेँ ।

मन्दिरा : यस्तो कुरा त सोध्नुपर्छ नि ! विद्यार्थीले यस्ता जिज्ञासा राख्नुपर्छ । यसबाट शिक्षक र विद्यार्थी दुवैलाई फाइदा छ ।

अर्चना : हो नि गुरुआमा ! मैले बुझेअनुसार नजानेका हरेक कुरा सोध्नुपर्छ । "सोध्ने विद्यार्थी एकछिनको नजान्ने हुन्छ, नसोध्ने विद्यार्थी जीवनभर नजान्ने हुन्छ" भन्ने भनाइ छ ।

सुपचन : आहा ! अर्चनाले कति राम्रो कुरा गरिन् । यस वाक्यको व्याख्या सामाजिक अध्ययन पढाउने मन्दिरा गुरुआमाले गर्नुहुन्छ ।

मन्दिरा : यस वाक्यको गहन अर्थ छ । यो आफ्नो राष्ट्रभक्तिसँग सम्बद्ध छ । आफ्नो देश भनेको आफ्नो आत्मासँग जोडिएको हुन्छ । अन्य देश जतिसुकै राम्रो भए पनि आफ्नो देश र आफ्नी आमाको स्थान निकै उच्च छ । भगवान् रामले भाइ लक्ष्मणलाई भनेको कथनसँग यस वाक्यलाई जोड्ने गरिन्छ ।

रामले आफ्नो जन्मभूमि अयोध्या सुनको लङ्काभन्दा राम्रो छ भन्ने अर्थमा यस वाक्यको प्रयोग गरेका छन् । राम भन्दछन्, “हे लक्ष्मण ! लङ्का देश सुनैसुनले भरिएको छ । यो निकै समृद्ध छ तर मेरा लागि यो परदेश नै हो । मलाई त यसको तुलनामा गरिब र कमजोर भए पनि आफ्नी जननी र जन्मभूमि नै बढी मनपर्छ ।”

सुपचन : ल हेर अतुल ! कति राम्रो वाक्य रहेछ हाम्रो देशको निशान छापमा । निशान छाप भनेको देशको महत्त्वपूर्ण चिह्न हो । यसमा अङ्कित वाक्य हाम्रो आदर्श वाक्य हो । आफ्नो राष्ट्र भनेको निकै महत्त्वपूर्ण हुन्छ । राष्ट्रभक्तिको भाव जगाउनु आवश्यक छ । आफ्नो देशको भक्तिमा समर्पित रहौँ भन्ने सन्देश यस निशान छापले दिएको छ ।

धर्तीलाई किन माता वा आमा भनिएको होला ? के आमा वा माता र धर्तीमाता समान हुन् ? तपाईँलाई कसको धेरै माया लाग्छ र किन ?

# सार्वजनिक सम्पत्तिको सुरक्षा : हाम्रो दायित्व

विद्यालयमा "सार्वजनिक सम्पत्तिको सुरक्षा : हाम्रो दायित्व" शीर्षकमा वक्तृत्वकला प्रतियोगिताको आयोजना भएको छ । विद्यालयका प्रधानाध्यापकले कार्यक्रमको अध्यक्षता गर्नुभएको छ । कक्षा शिक्षक उर्मिलाले कार्यक्रमको सञ्चालन गर्नुभएको छ । प्रतियोगितामा विद्यार्थीको प्रस्तुति यसप्रकार छ :

उर्मिला : कार्यक्रमका अध्यक्षज्यू ! निर्णायक मण्डल र विद्यार्थी भाइबहिनीहरू ! सबैमा हार्दिक स्वागत गर्दै अब प्रतियोगिता प्रारम्भ गर्छु । प्रतियोगीले चार मिनेटभित्र आफ्ना भनाइ राख्नुपर्ने छ । तीन मिनेट बितेपछि जनाउ घन्टी बज्ने छ । त्यसपछि आफ्ना भनाइ टुङ्ग्याउनेतर्फ लाग्नुपर्ने छ । प्रत्यक्ष रूपमा व्यक्तिगत आक्षेप लाग्ने विचार व्यक्त गर्न पाइने छैन । अब सर्वप्रथम प्रतियोगी छात्र नरेन्द्र श्रीवास्तवलाई आफ्नो प्रस्तुति दिन आमन्त्रण गर्छु ।

नरेन्द्र : कार्यक्रमका अध्यक्षज्यू, निष्पक्ष निर्णायकमण्डल, आदरणीय गुरु एवम् गुरुआमा र साथीहरू !

सार्वजनिक सम्पत्ति भन्नाले सबै जनाको सम्पत्ति भन्ने हो । यस्तो सम्पत्ति कसैको निजी हुँदैन । यसलाई सबैले उपयोग गर्न पाउँछन् । यस्ता चिज सबैको उपयोगका लागि बनाइएका हुन्छन् । यस्ता सम्पत्तिहरू समुदाय तथा सरकारको मातहतमा रहन्छन् । उदाहरणका लागि सार्वजनिक उद्यान, चउर, बाटोघाटो, चौतारा आदि पर्छन् । त्यसमा सरकार वा स्थानीय समुदायले विभिन्न उपयोगी संरचना तयार गरेका हुन्छन् । कतिपय स्थानमा स्थानीय तहबाट सार्वजनिक भवन पनि बनाइएका हुन्छन् । यस्ता संरचनाबाट सबैले लाभ लिन सक्छन् । यस्ता सार्वजनिक स्थलको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । यसमा कसैले पनि अतिक्रमण गर्नु हुँदैन । कतैबाट सार्वजनिक सम्पत्तिको अतिक्रमण हुन लागेको पाइएमा हामी सचेत भई त्यस्ता कार्य

रोक्नुपर्छ । हामी चनाखो भएर लागेमा मात्र यस्ता सम्पत्तिको संरक्षण गर्न सकिन्छ ।

(जनाउ घन्टी बज्छ)

त्यसैले सार्वजनिक सम्पत्तिको संरक्षणमा लागौँ । समुदायले पनि यसको संरक्षणमा लाग्नु आवश्यक छ । गाउँ गाउँ र टोल टोलबाट यसको संरक्षण एवम् विकासमा लाग्नाले हामी सबैलाई फाइदा हुने छ भन्दै मेरा भनाइहरू यहीँ टुङ्ग्याउँछु, धन्यवाद !

उर्मिला : आफ्नो आकर्षक प्रस्तुतिका लागि नरेन्द्रलाई हार्दिक धन्यवाद । अब अर्को प्रस्तुतिका लागि आउँदै हुनुहुन्छ छात्रा पार्वती घले ।

पार्वती : यस सभाका सभाध्यक्षज्यू, .........!

सार्वजनिक सम्पत्ति सबैको साझा सम्पत्ति भन्ने भावनाले सबैले काम गर्नु नै हाम्रो प्रमुख कर्तव्य हो । वास्तवमा हाम्रो देशका कतिपय स्थानमा सार्वजनिक र सरकारी सम्पत्तिको राम्रो संरक्षण र सदुपयोग पनि हुँदै आएको छ । यस कार्यमा विशेषगरी स्थानीय तहको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यसबाट हाम्रा स्थानीय मठमन्दिर, विद्यालय, सार्वजनिक भवन, सार्वजनिक उद्यान, खेलकुद मैदान, वनजङ्गल आदिको राम्रो संरक्षण र विकास भएको छ । यसका लागि स्थानीय तहका जनप्रतिनिधिहरू धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै स्थानीय जनताको सहयोग र सद्भावविना यस्ता कार्य हुन सक्दैनन् । कतिपय स्थानमा केही स्वार्थी मानिस पनि रहेका हुन्छन् । त्यस्ता मानिसको प्रवृत्ति सार्वजनिक र सरकारी सम्पत्तिमा हानिनोक्सानी पुऱ्याउने हुन्छ । त्यस्ता खराब व्यक्तिलाई समयमै चिनौँ । तिनलाई त्यस्ता गलत कार्य गर्नबाट रोकौँ । यसका लागि त्यस्ता तत्त्वलाई सामाजिक रूपमा बहिस्कार गर्नु परे पनि पछि नपरौँ ।

(जनाउ घन्टी बज्छ)

यसरी कार्य अगि बढाएमा सार्वजनिक सम्पत्तिमाथि कसैले आँखा गाड्न सक्दैन । हामी सबैले आफ्नो निजी सम्पत्तिभन्दा पनि बढी हेरचाह गरेमा मात्र सार्वजनिक सम्पत्तिको सुरक्षा हुन्छ । यसमा आजैदेखि लागौँ भन्दै म आफ्नो प्रस्तुति समाप्त गर्छु, धन्यवाद, नमस्कार !

उर्मिला : पार्वतीलाई राम्रो प्रस्तुतिका लागि धन्यवाद ज्ञापन गर्दै अब अर्को प्रस्तुतिका लागि छात्र विजयनन्द लामालाई आमन्त्रण गर्छु ।

विजयनन्द : सभाका आदरणीय अध्यक्षज्यू, .........!

आजकल हामीले हरेक ठाउँमा राम्रा राम्रा प्रस्तुतिहरू सुन्ने गरेका छौँ । देशलाई विश्वकै समृद्ध बनाउनेजस्ता आश्वासन धेरैतिरबाट आउने गरेका छन् । तर कतिपय मानिस मिठो बोलेर बदमासी गर्ने पनि छन् । यसबारे मलाई एक जना गुरुले बताउनुभएको थियो :

*मुखं पद्मदलाकारं वचश्चन्दनशीतलम् ।*

*हृदयं वन्हिसन्तप्तं त्रिविधं दुष्टलक्षणम् ।।*

अर्थात् मुख कमलको पातजस्तै कोमल र राम्रो छ, बोलीवचन चन्दनजस्तै शीतल छ र हृदयमा ईर्ष्याको आगो जलिरहेको छ भने त्यो दुष्टको लक्षण हो । अथवा त्यस्तो मानिस खराब हुन्छ । यस नीतिवचनलाई आधार मान्ने हो भने मिठा र राम्रा कुराले मात्र काम हुँदैन भन्ने मैले बुझेको छु । अब सार्वजनिक सम्पत्तिको कुरा लिऊँ । मुखले त सबै जनाले यसको संरक्षण र सदुपयोग गरौँ भन्छन् । तर कतिपय मानिस सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने नियतका हुन्छन् । त्यस्ता मानिसलाई सम्झाइबुझाइ गर्नुपर्छ । सार्वजनिक सम्पत्ति सबैको हो । यसलाई कतैबाट पनि अतिक्रमण हुन दिनुहुँदैन । त्यसैले हामीले सार्वजनिक सम्पत्तिको संरक्षण गरौँ भनेर एकोहोरो रटान दिएर मात्र हुँदैन । कामले नै देखाउनुपर्छ । काम देखाएर नै उदाहरणीय बन्नुपर्छ ।

(जनाउ घन्टी बज्छ)

त्यसैले म त भन्छु, अब भाषण गर्ने जमाना गयो, धेरै उपदेश दिने र सुन्ने अनि त्यसमै ताली बजाएर मक्ख पर्ने होइन । काम नै गरेर देखाऔँ । मातृभूमि भनेको आमा नै हुन् । यिनको सम्पत्तिको दुरुपयोग गर्नु ठुलो अपराध हो । यसतर्फ ध्यान दिनु अति आवश्यक छ भन्दै मेरा भनाइ यहीँ टुङ्ग्याउँछु, धन्यवाद ।

उर्मिला : धन्यवाद, विजयनन्दलाई आफ्ना प्रभावकारी भनाइका लागि । अब अर्को अन्तिम प्रस्तुतिका लागि आउँदै छिन् छात्रा शिवानी चौधरी ।

शिवानी : कार्यक्रमका समादरणीय अध्यक्षज्यू, .........!

म त अन्तिम वक्ता परेँ । मभन्दा अगिका साथीहरूले आफ्ना भनाइ राखेपछि मैले सोचेका धेरैजसो विचारसमेत यहाँ व्यक्त भइसकेका छन् । अब मैले बोल्न बाँकी नयाँ कुरा खासै छैनन् । सार्वजनिक सम्पत्तिको संरक्षणमा सबै सरोकारवालाको उत्तिकै जिम्मेवारी रहन्छ । यसको उपयोग सबैले गर्ने भएकाले संरक्षणमा पनि सबै लाग्नुपर्छ । तर मलाई एउटा कुराले सधैँ सताइरहन्छ । हिजैको मात्र कुरा हो हाम्रो विद्यालय अगाडिको सडकका सबै बोटबिरुवा सखाप भएका छन् । त्यति राम्रो सडक जतातते फोहोर पारिएको छ । के रहेछ भनेर बुझ्दा थाहा भयो एउटा समूहले "वातावरण संरक्षण एवम् दिगो विकास अभियान" सञ्चालन गर्न लागेको रहेछ । त्यस कार्यक्रममार्फत रकम जम्मा गर्ने उद्देश्यले साङ्गीतिक कार्यक्रमको आयोजना गरेको रहेछ । कार्यक्रममा थामिनसक्नुको भिड जम्मा भएको रहेछ । त्यही भिडले फोहोर गर्नुका साथै सडक पेटीका बोटबिरुवा नष्ट गरेको रहेछ ।

(जनाउ घन्टी बज्छ)

अब हेर्नुहोस् अभियान चाहिँ वातावरण संरक्षण र दिगो विकास, काम चाहिँ सार्वजनिक सम्पत्तिको नाश । यस्तो पनि हुन्छ ? यस्तो पाराले कहिल्यै हाम्रो भलो हुँदैन । यस्ता हरेक कार्यमा विचार पुऱ्याउनु आवश्यक छ । सार्वजनिक सम्पत्तिको संरक्षण र सदुपयोग गर्नलाई हामीले हरेक पाइला

पाइलामा विचार पुऱ्याउनु आवश्यक छ भन्दै म आफ्ना भनाइ अन्त्य गर्छु । धन्यवाद ।

उर्मिला : ल भाइबहिनीहरू कार्यक्रममा यहाँहरूले दिनुभएको प्रस्तुति निकै आकर्षक र उपयोगी लाग्यो । सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नु सबैको दायित्व हो । विगतको तुलनामा हाम्रो वर्तमान समाज यसतर्फ बढी सचेत भएको पाइन्छ । यहाँहरूले व्यक्त गरेका विचारलाई व्यवहारमा उतार्न आवश्यक छ । यसतर्फ हामी सबैले लाग्नुपर्छ भन्ने मैले ठानेको छु । यस्ता कार्यलाई अभियानका रूपमा सबैतिर फैलाउनु आवश्यक छ । यस्ता प्रभावकारी प्रस्तुति दिने विद्यार्थी र कार्यक्रममा उपस्थित सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्छु । साथै अध्यक्षको निर्देशनबमोजिम यो कार्यक्रम यहीँ अन्त्य भएको जानकारी गराउँछु ।

कस्तो अवस्थामा हाम्रो भनाइ र गराइमा भिन्नता आउँछ ? के त्यस्तो गर्नु सही हो त ? हामीले हाम्रो भनाइ र गराइमा एकरूपता ल्याउन के के गर्नुपर्ला ?

# राज्यलाई नमस्कार छ

नेपाल एकीकरणताकाको कुरा हो । तत्कालीन नेपालमा ससाना पचासभन्दा बढी राज्यहरू थिए । तत्कालीन गोरखा राज्यको कुनै गाउँमा सुरेन्द्रको परिवार बस्थ्यो । सुरेन्द्रको उमेर पच्चिस वर्षजतिको थियो । उसको विवाह भइसकेको थियो । सुरेन्द्रका आमाबाबु, बहिनी र पत्नी गरी पाँच जनाको परिवार थियो । खेतीपातीको काम गरेर उनीहरूले मुस्किलले आफ्नो गुजारा गर्दैआएका थिए । त्यसवेला साधारण जनतामा लेखपढ गर्ने चलन थिएन । तैपनि सुरेन्द्रले गाउँका अनुभवी व्यक्तिबाट केही व्यावहारिक र ज्ञानगुनका कुरा सिकेको थियो ।



त्यसवेला गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानको प्रारम्भ गरेका थिए । उनले पूर्वमा मेचीसम्मका राज्यहरू एकीकरण गरे । एकीकरण गर्दा ठाउँ ठाउँमा युद्धहरू हुन्थे । त्यसका लागि सैनिक जवानहरूको आवश्यकता पर्थ्यो । यसै

सिलसिलामा सुरेन्द्रलाई पनि गोरखाली सेनामा भर्ना भएर एकीकरण कार्यमा सहयोग गर्नुपर्ने अवस्था आयो ।

घरको जिम्मेवारी बढ्दै गएकाले सुरेन्द्र चिन्तित थियो । उसकी पत्नी गर्भवती थिइन् । बाबुआमाको उमेर ढल्कँदो थियो । बहिनीको विवाह गर्नुपर्ने थियो । यस्तो अवस्थामा घरको बढ्दो जिम्मेवारी चटक्कै छाडी सेनामा जान सुरेन्द्रलाई निकै असहज भएको थियो ।

यस्तो अवस्थामा के गर्नु ठिक होला भन्नेबारे सल्लाह लिनका लागि सुरेन्द्र गाउँका पाका र अनुभवी व्यक्ति ज्ञानचन्द्रसँग भेट्न गयो । सुरेन्द्रका कुरा सुनेपछि ज्ञानचन्द्र भन्छन्, “हेर सुरेन्द्र ! मान्छेले आफ्नो परिवार, समाज र राज्यका लागि काम गर्नुपर्छ । यसमा मानिस कहिलेकाहीँ कुन कामलाई महत्त्व दिने भन्ने दोधारमा पर्न सक्छ । तिमीलाई पनि अहिले त्यस्तै भएको हो । व्यक्ति, परिवार र समाजभन्दा राज्य ठुलो हो त्यसैले राज्यको कामलाई बढी महत्त्व देऊ ।”

“त्यसो भए मैले राज्यका लागि नै काम गरौँ त ज्ञानचन्द्र बुबा !” सुरेन्द्रले भन्यो । अनि ज्ञानचन्द्र भन्छन्, “हो नि ! आफ्नो राज्य रहे मात्र तिमीहामी सबैको पहिचान कायम हुन्छ । राज्यलाई बलियो पारौँ अनि पो यहाँ बस्नेको इज्जत बढ्छ ।”

सुरेन्द्रले भन्यो, “अहिले मैले मेरो सबैभन्दा ठुलो काम के हो भन्ने बुझेँ बुबा ! अब म जस्तोसुकै अवस्थामा पनि राज्यका लागि गर्नुपर्ने कर्तव्यबाट पछि हट्दिनँ ।”

ज्ञानचन्द्र भन्छन्, “आफ्नो मातृभूमि भनेको प्राणभन्दा पनि प्यारो हुन्छ । मानिसको पहिचानदेखि सबै आवश्यकता राज्यले नै पूरा गर्ने हो । राज्यका बारेमा शुक्रनीतिमा ‘धर्म, सुख, सम्पत्ति आदि प्रदान गर्ने राज्यलाई नमस्कार छ’ भन्ने लेखिएको छ । राज्यलाई नमस्कार गर्नु भनेको राज्यप्रति सम्मान प्रकट गर्नु हो ।”

सुरेन्द्र भन्छ, “हस् बुबा ! अब म भोलि नै राज्यको कामका लागि हिँड्छु ।” यति भन्दै ज्ञानचन्द्रसँग बिदा लिएर सुरेन्द्र घरमा गएर आफ्नो तयारी गरी गोरखाली सेनामा भर्ती हुन गयो ।

गोरखाली सेना विभिन्न युद्धमा सहभागी हुँदै आएको थियो । राज्य एकीकरणको समयमा यहाँका ससाना राज्यका साथै विदेशी शक्तिसँग पनि गोरखालीको युद्ध हुने गर्थ्यो ।

गोरखाली सेनाको तुलनामा विदेशी सेना राम्रा हातहतियारले सुसज्जित थियो । तिनका सेनाको सङ्ख्या पनि बढी हुन्थ्यो । त्यस्ता सामग्रीको कमी भए पनि गोरखालीसँग स्वदेशको रक्षाका लागि लड्ने पवित्र भावना थियो । तिनका नसा नसामा स्वदेशप्रेम भरिएको पाइन्थ्यो । यसले गोरखालीको हौसला बढेको थियो । अर्कातर्फ गोरखाली फौज उच्च पहाडमा किल्ला बनाएर बसेकाले पनि आक्रमणकारीलाई विजय प्राप्त गर्न कठिन थियो ।

विदेशी फौजले सुरेन्द्र सम्मिलित गोरखाली सेना बसेको पहाडको किल्लामा चारैतर्फ घेराउ गरी आक्रमण गऱ्यो । त्यहाँ तोपगोला प्रहार भएकाले किल्लाको पर्खालमा प्वाल परेर केही सैनिक मारिए, केही घाइते भए । त्यस्ता प्वाल परेका ठाउँमा वीरगति प्राप्त गर्ने गोरखाली सैनिकका मृत शरीरले छेकेर पनि किल्लालाई बचाउने काम गरे । किल्लामा आउने पानीको कुलो पनि शत्रुपक्षले बन्द गऱ्यो । तैपनि गोरखालीहरू साहसका साथ युद्धको मोर्चामा डटिरहे ।

गोरखालीहरू रहेको किल्लाका नायक र सेनाका जवानहरूलाई शत्रुपक्षले विभिन्न प्रलोभन दिएर आफूतर्फ आउनका लागि खबर गर्थे । आफूतर्फ आएमा गोरखालीहरूलाई उच्च पदमा नियुक्त गर्ने, धेरै तलब दिने र कुनै राज्यको राजासम्म पनि बनाइदिने भन्नेजस्ता प्रलोभन दिन थाले । त्यसतर्फ केही गोरखाली आकर्षित पनि हुन थालेका थिए तर तिनलाई सुरेन्द्रले सम्झाइबुझाइ गरेर रोक्यो । जस्तै दुःखकष्ट परे पनि मातृभूमिका विरुद्ध घात गर्नुहुन्न भन्ने सुरेन्द्रले बुझायो । धैर्य धारण गरेर राष्ट्ररक्षाको मोर्चामा लागौँ भन्ने सुरेन्द्रको विचार थियो । केही दिनपछि त्यस किल्लामा गोरखालीको थप सेना र हातहतियार पनि आयो । यसबाट उनीहरू थप उत्साहका साथ युद्धमा लागे र शत्रुपक्षलाई हराउन सफल भए र सबैले भने, "राज्यलाई नमस्कार छ ।"

के तपाईँले असत्यका विपक्षमा बोल्ने साहस गर्नुभएको छ ? असत्यका विपक्षमा तपाईँ के कस्तो भूमिका खेल्न सक्नुहुन्छ ?

# उत्तमको अभियान

अन्दाजी तिस वर्षअगिको कुरा हो । नेपालमा निरङ्कुश शासनको अन्त्य भएर प्रजातन्त्रको घोषणा भएको थियो । त्यसपछि विभिन्न राजनीतिक दलहरू खुल्न थाले । मानिसहरू सङ्गठन खोलेर विभिन्न माग राखी हड्ताल, विरोध सभा, चक्का जाम, नेपाल बन्दजस्ता कार्यक्रम राखेर दैनिकजसो आन्दोलनमा उत्रन थाले । यसबाट नेपालको प्रजातन्त्रमाथि नै सङ्कट देखापर्न थाल्यो ।

कुनै एउटा सङ्गठनले काठमाडौँमा विरोध कार्यक्रमको आयोजना गऱ्यो । त्यसमा सहभागी हुन गाउँ गाउँबाट बसमा मानिसहरू ल्याइए । त्यसमा सहभागिताका लागि नेपालको कुनै दुर्गम गाउँबाट उत्तम नामको अन्दाजी चौध वर्षको केटा पनि आफ्ना चारपाँच जना साथीहरूका साथ काठमाडौँ आयो । वास्तवमा तिनीहरूलाई सङ्गठन भनेको के हो ? यसले के कस्ता काम गर्छ ? राजनीतिक स्वतन्त्रता भनेको के हो ? आदिबारे केही थाहा थिएन । तिनीहरू गाउँका केही टाठाबाठा अगुवाहरूको बहकाउमा परेर रमाइलो हेर्ने उद्देश्यले काठमाडौँ आएका थिए ।

विरोध कार्यक्रमका दिन बिहानैदेखि काठमाडौँमा मानिहरूको चहलपहल बढ्न थालेको थियो । दिन चढ्दै गएपछि चारैतर्फबाट जुलुस निक्लेर सहरको मध्यभागमा जम्मा भए । चर्का चर्का नाराहरू लाग्न थाले । यसैबिच सरकारका तर्फबाट केही महत्त्वपूर्ण क्षेत्रहरूमा जुलुस नपुगोस् भन्ने उद्देश्यले सुरक्षाकर्मीहरू खटाइएको थियो । तर जुलुसमा रहेका केही मानिसले उत्तेजित हुँदै निषेधित क्षेत्रतर्फ नै जुलुसलाई लैजान प्रेरित गरे । गाउँबाट आएका उत्तमलगायतका केटाहरू पनि जुलुसमा अगाडि नै थिए । त्यहाँ ढुङ्गामुढा गर्न थालियो ।

प्रहरीबाट पनि अश्रुग्याँस, पानीका फोहोरा र लाठीचार्ज गरी जुलुसलाई तितरबितर पार्ने प्रयास भयो । जुलुसमा रहेका मानिसहरू भागाभाग गर्न थाले । भाग्ने क्रममा उत्तम सडकको पेटीमा लड्न पुग्यो । उसको टाउको फुट्यो र बेहोस् भयो । कसैले उसलाई

अस्पताल पुऱ्यायो । त्यसको केही दिनपछि उत्तम होसमा त आयो तर उसको शरीरका कुनै पनि अङ्ग चल्ने अवस्थामा रहेनन् । उत्तमको खबर सुनेर उसका आमाबाबु अस्पतालमा आइपुगे । छोराको हालत देखेर आमाबाबु भक्कानिएर रुन थाले । त्यहाँ उत्तमलाई हेरविचार गर्न आयोजक सङ्गठनका कोही पनि थिएनन् । ऊ अस्पतालमा बेबारिस अवस्थामा थियो ।

यता आन्दोलनमा काठमाडौँ सहर निकै अस्तव्यस्त भयो । जताततै टायर बालिएकाले कालो र धुलोमैलोले सहर ढाकियो । बोटबिरुवाहरू सबैजसो ध्वस्त भए । केही सरकारी कार्यालयमा आगजनी भएकाले पूर्णरूपमा ध्वस्त भए । केहीमा तोडफोड भयो । विद्यालय र बसबिसौनी पनि तोडफोड भयो । यसबाट सरकारी र सार्वजनिक सम्पत्तिको ठुलो नोक्सानी भयो । यस्ता तोडफोडका घटना वेला वेलामा हुने गर्थे । जसले काठमाडौँ सहर त्यसवेला निकै अस्तव्यस्त, कुरूप, फोहोर र दुर्गन्धित हुन पुगेको थियो ।

हालसालैको कुरा हो । उत्तम ४५ वर्षजतिको भएको छ । उसलाई कुनै पनि दल वा सङ्गठनबाट केही सहयोग मिलेको छैन । केही परोपकारी संस्थाको सहयोगले उसको उपचार भयो । तैपनि ऊ अपाङ्ग भएकाले ह्विलचियरको सहायताले मात्र कतै आउजाउ गर्न सक्छ । त्यस्तै संस्थाको सहयोगले उसले आफ्नो गुजारा चलाएको छ ।

अहिले उत्तम विचार गर्छ । कुरै नबुझी कसैको बहकाउमा हिँड्नु गलत हो । वास्तवमा सार्वजनिक सम्पत्ति भनेको हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु सबैको दायित्व हो । आन्दोलन गर्नेले शान्तिपूर्ण तरिका अपनाउनुपर्छ । सहरको सौन्दर्यमा बिगार्ने गरी आन्दोलन गर्नुहुँदैन । कुनै सार्वजनिक स्थानमा कार्यक्रम गरेमा काम सकिएपछि आयोजकले नै सरसफाइ गरेर पूर्ववत् अवस्थामा राख्नुपर्छ । यस्ता विचारबाट प्रेरित भएर उत्तमले जनचेतना जगाउने संस्था गठन गरेको छ । संस्थाबाट वेला वेलामा सरसफाइ अभियान सञ्चालन गरिन्छ । मठमन्दिर, गुम्बा, धारा, पाटीपौवा आदि सार्वजनिक स्थलको सरसफाइ गरिन्छ । विद्यालयका विद्यार्थीलाई पनि सरसफाइका लागि प्रेरित गरिन्छ । एउटा चकलेट खाए पनि त्यसको खोल पकेटमा राखेर लगी डस्टबिनमा

हाल्न प्रेरित गरिन्छ । सरकारी र सार्वजनिक सम्पत्तिको संरक्षणका लागि सचेत तुल्याउने काम हुन्छ ।

उत्तमको यस्तो अभियान निकै लोकप्रिय भएको छ । यसबाट सहरको मुहार नै फेरिएको छ । एउटा अपाङ्गले पनि यति राम्रो अभियान सञ्चालन गर्न सकेकामा उसको संस्थालाई विभिन्न क्षेत्रबाट सहयोग मिलेको छ । गत वर्षमात्र राष्ट्राध्यक्षबाट पनि उत्तमले सम्मानित हुने अवसर पाएको थियो । उत्तमको यस्तो उदाहरणीय कार्यबाट सबैले प्रेरणा लिनु आवश्यक छ ।

कहिलेकाहीँ हामी नजानेर नै गलत बाटोतिर लाग्न सक्छौँ । हामीलाई त्यसको पछुतो पनि हुन सक्छ । तर हामीले पछुतो मानेर मात्र बस्नुहुँदैन । ती गलत बाटाहरू बन्द गर्नेतर्फ अभियान चलाउनुपर्छ । के यसका लागि हामी तयार छौँ ? छौँ भने त्यसका लागि हामी के के गर्न सक्छौँ ?

# पर्यावरण संरक्षण

यो रेडियो नेपाल हो । रेडियो नेपालको यो रात्रिकालीन यस कार्यक्रममा सबैलाई हार्दिक स्वागत एवम् नमस्कार छ । आजको कार्यक्रममा हामी पर्यावरणका बारेमा चर्चा गर्ने छौँ । सामान्य अर्थमा पर्यावरण भनेको कुनै वस्तु, विषय, व्यक्ति आदिको अवस्थिति र परिवेश हो । यसलाई वातावरण पनि भन्न सकिन्छ । हामी वरिपरिको जलवायु वा हावापानीलाई पर्यावरण भनिन्छ ।

हामीले पर्यावरण के हो भनेर त बुझ्यौँ । अब यसभित्र के के पर्दा रहेछन् भनी जानिराखौँ है त । पर्यावरणभित्र पृथ्वी, जल, तेज, वायु र आकाश गरी पाँच तत्त्व पर्छन् जसलाई पञ्चतत्त्व पनि भनिन्छ । यसलाई सरल भाषामा माटो, पानी, आगो, हावा र आकाश पनि भन्न सकिन्छ ।

पर्यावरणमा हावा, पानी, माटो, तेज र आकाशका बिचमा हुने अन्तरसम्बन्धको अध्ययन गरिन्छ । पृथ्वीमा कस्ता जीवजन्तु रहन्छन्, तिनको खानपान र गतिविधि कस्तो छ भन्नेबारे जानकारी लिनु पर्यावरणको विषय हो । त्यसैगरी पृथ्वीमा अनेक बोटबिरुवा छन् । तिनले जीवजन्तु र वातावरणमा कस्तो प्रभाव पारेको छ भन्नेबारे पनि विचार गर्नु आवश्यक छ ।

पर्यावरणका बारेमा चर्चा गर्दैगर्दा हामीले विश्वव्यापी अभियानलाई पनि बुझ्न आवश्यक छ । पर्यावरण संरक्षणका लागि सन् १९७२ मा स्विडेनको राजधानी स्टकहोममा मानव तथा वातावरणसम्बन्धी सम्मेलन भयो । त्यसपछि पनि पर्यावरण संरक्षणका लागि अनेक प्रयास भए । सन् १९९२ मा ब्राजिलको रियो डी जेनेरियो (Rio De Janeiro) मा पृथ्वी सम्मेलनको आयोजना गरियो । संयुक्त राष्ट्रसङ्घको प्रयासमा सम्मेलन भएको थियो । त्यसमा विश्वका १७५ भन्दा बढी देशका प्रतिनिधि सहभागी भए । मानव हितका लागि उक्त सम्मेलन निकै महत्त्वपूर्ण मानिन्छ । त्यस सम्मेलनद्वारा घोषणापत्र पनि पारित गरियो । जसमा 'हाम्रो एकमात्र पृथ्वीको संरक्षण गरौँ' भन्ने कुरा प्रमुख थियो । हाम्रा

भविष्यका सन्ततिहरूलाई असहज नहुने गरी साधन र स्रोतको प्रयोग गरौँ भन्ने थियो । विकासका कार्य गर्दा पर्यावरणको संरक्षणमा ध्यान दिनुपर्छ भन्ने पनि घोषणापत्रमा लेखिएको थियो ।

पर्यावरण संरक्षण गर्दा वर्तमान विश्वले दिगो विकासलाई जोड दिएको छ । दिगो विकास भनेको भविष्यका पुस्ताको आवश्यकतामा कटौती नगरी वर्तमान आवश्यकताको पूर्ति गर्नु हो । यसमा प्राकृतिक साधनको प्रयोग गर्दा विवेक पुऱ्याउनुपर्छ । दिगो विकासका लागि संयुक्त राष्ट्रसङ्घको प्रयासमा विभिन्न सम्मेलनहरू हुँदै आएका छन् ।

ल आज समयले नेटो काटिसकेछ । सबैले हाम्रो प्रस्तुति चाख मानेर सुनिदिनुभएकामा सबैलाई धन्यवाद । अर्को कार्यक्रममा थप विषयमा यसैगरी चर्चा गरौँला है त । शुभरात्रि ।

के हामीले पनि कुनै विषयमा छलफल तथा अन्तरक्रिया चलाउन सक्दैनौँ र ? यदि सक्छौँ भने त्यसका विषयक्षेत्र के कस्ता होलान् ?

# मोहनदासको इमानदारी

धेरै पहिलेको कुरा हो । मोहनदास नामका राजा थिए । उनलाई आफ्नो इच्छाअनुसार राज्य चलाउने अधिकार थियो तर उनी राज्यप्रति निकै बफादार थिए । राज्यको कोषबाट आवश्यकताभन्दा बढी एक पैसा पनि खर्च गर्दैनथे ।



राजाले आफू र आफ्ना मन्त्री एवम् अन्य कर्मचारीका लागि पनि उचित तलब निर्धारण गरेका थिए । राजाले आफ्ना लागि प्रतिदिन पाँच रुपियाँ तलब तोकेका थिए । मन्त्री र अन्य कर्मचारीलाई चाहिँ राजाले आफूले पाउनेभन्दा निकै बढी तलब दिने गर्थे । राजाको यस्तो निर्णयबाट राजाका सहयोगी निकै खुसी थिए । उनीहरूले राज्यप्रति अत्यन्त बफादार भएर काम गरेका थिए । यसले गर्दा उनको राज्यको चौतर्फी विकास भएको थियो । राज्यका जनता पनि निकै समृद्ध र खुसी थिए ।

राजाले आफ्ना लागि तोकेको दैनिक पाँच रुपियाँ तलबले उनको परिवारलाई अत्यन्त सादा जीवनशैली अपनाएर गुजारा गर्न ठिक्क हुन्थ्यो । त्यो पाँच रुपियाँ तलब पनि राजाले हरेक दिनको काम सकेपछि बेलुका मात्र लिने गर्थे ।

मोहनदासको राज्यमा ठुलो वार्षिक चाडपर्व आउन लागेको थियो । त्यसैले रानीले राजासँग केही रकम खर्चका लागि माग्ने विचारले भनिन्, “हे महाराज ! चाडपर्व आउन लाग्यो । छोराछोरीका लागि नयाँ कपडा किन्ने विचार छ । त्यसैले हजुरले आगामी पाँच दिनसम्मको तलब पहिले नै निकालेर मलाई दिनुहोस् । त्यसबाट म छोराछोरीका लागि नयाँ कपडा किनेर ल्याउँछु ।” रानीका यस्ता कुरा सुनी राजा भन्छन्, “हे महारानी ! तिमीले भगवान्सँग अनुरोध गरेर आगामी पाँच दिनसम्म म जीवित नै रहन सक्छु भन्ने निश्चय गराऊ अनि मात्र म तिमीलाई पाँच दिनको तलब अगाडि नै ल्याएर दिन सक्छु । भविष्यका बारेमा के थाहा होला र ! यदि यही बिचमा मेरो मृत्यु भयो भने त्यो पाँच दिनको ऋण कसले तिर्ने ? त्यसैले राज्यकोषबाट यसरी जथाभावी रकम निकाल्नु हुँदैन ।” त्यसपछि रानी सोचमग्न बनिन् । उनलाई आफ्ना पतिले राज्यप्रति देखाएको इमानदारी निकै सच्चा र उचित लाग्यो । यसरी राज्यको रकम सदुपयोग गरेको हुनाले नै राजा मोहनदासको राज्य आर्थिक रूपले निकै सम्पन्न भएको रहेछ भन्ने कुरा बुझेर रानी निकै प्रसन्न भइन् ।

हामीलाई इमानदार र मितव्ययी हुन के कस्ता बाधा व्यवधान आउन सक्छन् ? के हामी इमानदार र मितव्ययी हुन सक्दैनौँ त ? यदि सक्छौँ भने यसका लागि हामीले के के गर्नुपर्ला ?

# विपत्तिबाट कसरी जोगिने ?

दिवाकर गौतम विपत् व्यवस्थापनमा लामो अनुभव हासिल गरेका व्यक्ति हुन् । त्यसैले उनको उपस्थितिमा स्थानीय विद्यालयका विद्यार्थीलाई विपत् व्यवस्थापनबारे जानकारी गराउनका लागि एउटा कार्यक्रमको आयोजना गरिएको छ । कार्यक्रमको सहजीकरण विद्यालयका प्रधानाध्यापकले गरेका छन् । दिवाकर गौतम र सारिका, रूपा, आसिफलगायतका विद्यार्थीका बिचमा विपत् व्यवस्थापनबारे भएको संवाद यसप्रकार छ :




प्रअ : विपत् व्यवस्थापनबारे लामो अनुभव हासिल गर्नुभएका दिवाकर गौतमज्यूलाई हार्दिक स्वागत गर्छु । विद्यार्थीलाई विपत् व्यवस्थापनसम्बन्धी आफ्ना जिज्ञासा राख्न अनुमति दिन्छु ।

सारिका : सर ! मैले त विपत् भनेको के हो भन्ने कुरा ठिकसँग बुझेकी छैन । यसबारे बुझाइदिनुहुन्छ कि ?

दिवाकर : हेर नानी ! सरल अर्थमा विपत् भनेको आपत्, दु:ख वा कष्ट हो । कुनै आकस्मिक रूपमा आउने दु:खकष्टपूर्ण अवस्थालाई विपत् भनिन्छ । विपत् भनेको अपर्झट आइपर्छ । मानिसलाई यसको कुनै सङ्केत नहुन सक्छ ।

रूपा : ए हो त सर ! मैले अहिले सम्झेँ । हाम्रो हजुरबुबाले 'विपत् भनेको बाजा बजाएर आउँदैन' भन्नुहुन्थ्यो । सरले यसो भन्नुहुँदा मैले विपत् कसरी आइपर्छ भन्ने स्पष्ट बुझेँ ।

दिवाकर : ल सुन, विपत् धेरै किसिमका हुन्छन् । प्राकृतिक प्रकोप हुनु वा रोगव्याधी फैलिएर महामारीको रूप लिनु विपत् हो ।

आसिफ : हजुर सर ! त्यसो भए २०८१ सालको असोजको दोस्रो हप्तामा परेको भारी वर्षाका कारण बाढी पहिरो आएको थियो । यसबाट धेरै घर, सडक र पुल बगायो । सयौँ मानिस मारिए, हजारौँ घरबारविहीन भए । प्राकृतिक प्रकोप भनेको यही रहेछ हैन त सर !

सारिका : अनि गत वर्ष हाम्रो गाउँमा आगलागी भएर धेरै घरहरू जले । मानिसलाई केही नभए पनि पशुपन्छीहरू मरे । नजिकैको जङ्गल पनि आगाले सखाप भयो । यस्तो हुनु पनि विपत्ति नै हो नि ! होइन र ?

रूपा : अनि २०७७ सालमा फैलिएको कोभिडको महामारी पनि ठुलो विपत्ति होला नि ! त्यसवेला त विश्वभरका लाखौँ मानिसको मृत्यु भयो ।

दिवाकर : हो, बाबुनानीले भनेका सबै विपत्ति नै हुन् । अनि अर्को कुरा सुन; भूकम्प पनि प्राकृतिक विपत्ति हो । यस्ता विपत्ति हामीले सहनुपर्छ । यसबाट डराएर हुँदैन । सजग भएर यस्ता विपत्तिको सामना गर्नुपर्छ । अनि कतिपय विपत्ति टार्न वा त्यसबाट हुने क्षति कम गर्न पनि सकिन्छ । त्यसतर्फ पनि ध्यान दिनुपर्छ ।

प्रअ : दिवाकर सर ! विद्यार्थीलाई विपत्ति आउनुभन्दा अगि र आइसकेपछि के के कुरामा ध्यान दिनुपर्ने हो त्यसबारे बताइदिनुहोस् न !

दिवाकर : सर्वप्रथम हामीले कहाँ कस्ता विपत्तिको जोखिम छ भन्नेबारे बुझ्नु आवश्यक छ ।

आसिफ : अनि सर ! मैले हाम्रो देशमा बाढीपहिरोको जोखिम बढी छ भन्ने सुनेको छु । यसको जोखिम कम गर्न के के कुरामा ध्यान दिनुपर्ला ?

दिवाकर : बाढी पहिरो प्राकृतिक प्रकोप हो तर मानिसका व्यवहारले जोखिममा घटबढ पर्न जान्छ । सडक बनाउँदा वातावरणमा असर पर्न दिनुहुँदैन । जथाभावी डोजर चलाएर जमिन थर्काउनुहुँदैन । वनजङ्गल संरक्षण र वृक्षरोपण गर्नुपर्छ । नदीनालामा तटबन्ध निर्माण गर्नुपर्छ । पानी परेका वेला नदी किनाराबाट सुरक्षित ठाउँमा जानुपर्छ । बढी पानी परेका वेलामा सतर्क भएर बस्नुपर्छ ।

आसिफ : भूकम्पले पनि हाम्रो देशलाई वेला वेलामा नराम्ररी क्षति पुऱ्याउने गरेको छ । यसबारे पनि बताइदिनुहुन्छ कि ?

दिवाकर : ठिक भन्यौ आसिफ ! हाम्रो देश भूकम्पको बढी जोखिम भएको क्षेत्रमा पर्छ । २०७२ साल वैशाख १२ गतेको भूकम्पले पनि नेपाललाई ठुलो नोक्सान गरायो । विज्ञहरूका अनुसार भूकम्प जुनसुकै वेला पनि जानसक्ने भएकाले यसबाट सतर्क रहनुपर्छ । भूकम्प गएपछि चर्किएका वा भत्किएका घरमा बस्नुहुँदैन । भूकम्प आइरहेको अवस्थामा सकभर घुँडा टेकेर गुडुल्किएर बस्नुपर्छ । टाउको र घाँटीलाई बढी सुरक्षित पार्नुपर्छ । भूकम्प रोकिएपछि परकम्प जाने, बाढी, पहिरो, आगलागी आदि समस्या आउन सक्छन् । यसबाट सतर्क रही उद्धार कार्यमा जुट्नुपर्छ । सर्वप्रथम घाइतेहरूको उपचारमा सहयोग गर्नुपर्छ । बालबालिका र वृद्धवृद्धाको विशेष हेरचाह गर्नुपर्छ ।

सारिका : आगलागीबाट कसरी सतर्क रहने होला सर !

दिवाकर : यस्तोमा सलाई लाइटरजस्ता चिजहरू केटाकेटीले भेट्ने ठाउँमा राख्नुहुन्न । बिजुलीका सामग्रीको अवस्था ठिक राख्ने र वेला वेलामा जाँचेर मात्र प्रयोगमा ल्याउनुपर्छ । वनजङ्गलमा आगाबाट जोगाउन निगरानी गरिराख्नुपर्छ । आगलागी भइसकेको अवस्थामा त्यसलाई ज्यादा नफैलियोस् भनेर सतर्क हुनुपर्छ । आगलागीमा परेका मानिसलाई सुरक्षित ठाउँमा लग्ने र सरकारलाई सहयोग गर्दै काममा लाग्ने गर्नुपर्छ । दमकल उपलब्ध हुन सक्ने स्थानमा भएमा तुरुन्त दमकल बोलाउनुपर्छ ।

रूपा : अनि महामारीबाट कसरी जोगिन सकिएला सर !

दिवाकर : महामारी विभिन्न कारणले फैलिन सक्छ । विशेषगरी भाइरस र जीवजन्तुको टोकाइबाट पनि महामारी फैलिन्छ । जिका, इबोला, सार्स, बर्डफ्लु, एचआईभी एड्स, मङ्कीपक्सजस्ता रोगका महामारीले विश्वलाई नै त्रसित पारेका छन् । त्यस्तै कोभिड १९ को महामारीबाट हालै विश्वभर ठुलो नोक्सानी भयो । यस्ता महामारीबाट बच्न सरसफाइमा ध्यान दिनुपर्छ । भौतिक दूरी कायम राख्नुपर्छ । स्यानिटाइजरको प्रयोग गर्नुपर्छ । साबुनपानीले हात धुनुपर्छ । महामारीबाट पीडित व्यक्तिको छिटोभन्दा छिटो उपचार गराउनुपर्छ । खोप उपलब्ध भएमा तुरुन्त खोप लगाउनुपर्छ ।

प्रअ : ल बाबुनानीहरू दिवाकर सरले विपत्तिका बारेमा कति राम्रोसँग बुझाइदिनुभयो । यसमा म दिवाकर सर र सबै विद्यार्थीलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्छु । अब सबैले विपत्ति आउनुभन्दा अगि र आएपछि गर्नुपर्ने कार्यहरू समयमा नै गर्नुहोला है ।

तपाईँले कुनै विपत्का बारेमा सुन्नु, देख्नु वा अनुभव गर्नुभएको छ ? त्यस प्रकारको विपत् आउनुमा जिम्मेवार को थियो होला ? कि यो प्राकृतिक विपत् थियो ? हामी यस प्रकारका विपत् रोक्न के गर्न सक्छौँ ?

# राजा खिम्बुको न्याय व्यवस्था

प्राचीन कालमा पहाडी क्षेत्रको एउटा राज्यमा खिम्बु नामका राजा थिए । उनको न्याय व्यवस्था अत्यन्त राम्रो थियो । उनी अन्याय गर्ने कसैलाई पनि छाड्दैनथे । न्यायका लागि उनी जस्तोसुकै कठोर निर्णय पनि लिने गर्थे । अन्याय गर्नेलाई उचित दण्ड दिएर उनले जनताको मन जितेका थिए । त्यसैले राजा खिम्बुको न्याय व्यवस्थाका बारेमा छिमेकी राज्यहरूमा समेत चर्चा हुने गर्थ्यो ।

एक दिन पुस महिनाको विशेष पर्वका दिन बिहान राजा खिम्बुकी दयावती नामकी रानी राजदरबारबाट केही परको नदीमा स्नान गर्न गइन् । उनका साथमा सुकु र सुनु नामका सुसारे पनि गएका थिए । स्नान गरेर फर्कँदा रानी जाडाले काँप्न लागिन् । रानीले त्यहाँ वरिपरि आगो बालेर ताप्नका लागि दाउरा अथवा आगो बाल्न मिल्ने अन्य केही वस्तु देखिनन् । त्यहाँ केही खरका छाप्राहरू थिए । तीमध्ये नजिकको खरको छाप्रो देखेर खुसी हुँदै रानी दयावतीले आफ्नी सुसारे सुकुलाई भनिन्, “ए सुकु, मलाई जाडाले निकै सतायो । त्यो छाप्रोमा आगो लगा । मेरा हातगोडा सेक्नुपर्‍यो ।”

रानीको यस्तो आदेश सुनेर सुकु भन्छे, “महारानी ! यहाँ त साधुसन्त वा गरिब परिवार बसेका होलान् । यहाँ आगो लगायो भने त बिचरा उनीहरू यस्तो जाडोमा कहाँ जालान् ? उनीहरूको त विचल्ली हुन्छ ।”

रानीको नाम दयावती भए पनि वास्तविक जीवनमा उनी निर्दयी थिइन् । सुसारेहरूलाई कज्याउन र आफ्नो आदेश पालन गराउन उनी सिपालु थिइन् । राजखान्दानमा जन्मी हुर्केकी हुनाले उनलाई गरिबका दु:खपीडाका बारेमा केही ज्ञान थिएन । त्यसैले सुकुका उक्त कुरा सुनी दयावतीले सुनुलाई आदेश दिँदै भन्न लागिन्, “ए सुनु ! यो सुकु निकै दयालु बन्न खोज्दै छे । यसलाई तत्कालै नोकरीबाट निकाल् र एउटा छाप्रोमा तुरुन्तै आगो लगा ।”

रानीको आदेश तुरुन्तै पालना भयो तर हावाको वेगले छाप्राको आगो चारैतिर फैलिएर त्यहाँ भएका सबै छाप्राहरू एकैछिनमा खरानी भए । रानी भने आगो तापेर खुसी हुँदै दरबारतर्फ लागिन् । उता छाप्राका मानिसहरू आफ्ना घर जलेकाले चिन्तित हुँदै

दरबारमा गएर राजासमक्ष रानीले गरेका कार्यप्रति गुनासो गर्न लागे । यस्तो खबर सुनेर राजा खिम्बु निकै चिन्तित हुँदै रानीको कक्षमा पुगी भन्न लागे, “ए दयावती ! तिमीले यस्तो के गरेको ? तिमीले जनताका घरमा आगो लगाएर कति अन्याय गर्‍यौ ? यसबारे तिमीले केही ध्यान दिएकी छौ ?”

रानी दयावती अत्यन्त सुन्दरी थिइन् । उनमा आफ्नो रूप र शक्तिको निकै घमन्ड चढेको थियो । राजाले पनि रानीलाई विशेष अधिकार दिएका थिए । त्यसैले रानी राजासमक्ष कड्केर बोल्न लागिन्, “हे महाराज ! त्यस्ता जाबा खरका गनाउने छाप्रालाई पनि हजुर घर भन्नुहुन्छ । त्यस्ता त आगो लगाउनु नै उपयुक्त हो । यसमा के अन्याय भयो र !”

रानीका कुरा सुनी राजा रिसाउँदै भन्छन्, “न्यायका दृष्टिले सबै समान हुन् । छाप्रा नै भए पनि गरिबका लागि बहुमूल्य हुन्छन् । साधारण मानिसलाई यसको कस्तो महत्त्व हुन्छ भन्ने कुरा अब तिमीले बुझ्ने छौ ।

यति भन्दै राजाले सुसारेहरूलाई आज्ञा दिए, “रानीका सबै गरगहना र नयाँ कपडा फुकाल । यिनलाई पुराना कपडा लगाउन दिएर राजसभामा ल्याओ ।” यति भन्दै राजा राजसभामा गए । सुसारेहरूले राजाको आज्ञा तुरुन्त पालना गर्दै रानीलाई थोत्रा कपडा लगाउन दिएर राजसभामा उपस्थित गराए । त्यसपछि न्यायको आसनमा बसेर राजाले घोषणा गर्दै भने, “हे रानी तिमीलाई अहिले तुरुन्तै राजदरबारबाट निकालिन्छ । तिमीले आगो लगाएका छाप्राहरू जबसम्म भिक्षा मागेर पूर्ण रूपमा तयार पार्दिनौ तबसम्म तिमीलाई राजभवनमा प्रवेश दिइने छैन ।”

राजाले आफ्नी रानीलाई कठोर सजाय दिएपछि गुनासो गर्न गएका जनता निकै खुसी भए । राजाले आफूहरूलाई राम्रो न्याय दिएको जनताले महसुस गरे । आफ्नै रानी नै भए पनि गल्ती गर्नेलाई कठोर सजाय दिएकामा राजा खिम्बुको निष्पक्षतालाई सबैले सराहना गरे ।

न्याय गर्दा आफ्नो र अर्काको भनी पक्षपात गर्नुहुँदैन भनिन्छ । के तपाईं पनि यसलाई आफ्नो दैनिक व्यवहारमा पालना गर्न सक्नुहुन्छ ?

# योगीको आत्मकथा



स्टिभ जब्सले आइफोनको आविष्कार गरे । उनको जन्म सन् १९५५ को फेब्रुअरी २४ का दिन अमेरिकाको सान फ्रान्सिस्को सहरमा भएको हो । सानो उमेरमा उनी धेरै चकचके र जिद्दीवाल थिए । उनी निकै लहडी र बेपर्वाह थिए । उनको बानी देखेर विद्यालयका शिक्षक दिक्क थिए । घरमा आमाबुबा पनि वाक्क थिए । उनका पिता उनलाई पढाएर ठुलो मान्छे बनाउन चाहन्थे तर उनको पढाइमा त्यति रुचि थिएन ।

स्टिभ जब्स युवा अवस्थामा पुग्दासम्म पनि निकै लापर्वाह थिए । उनको अटेरी र जिद्दीपन पनि बढ्दै गएको थियो । यसै समयमा उनले भारतका योगी र बाबाहरूका बारेमा रमाइला कथा सुने । ती बाबामध्ये उनलाई निम करोली बाबालाई भेट्न मन लाग्यो । उनी भारतको उत्तराखण्डमा आए । संयोगवश त्यति वेला निम करोली बाबासित उनको भेट हुन पाएन । उनले एउटा किताब पढ्ने मौका पाए । त्यो किताबको नाम 'योगीको आत्मकथा' थियो ।

'योगीको आत्मकथा' किताब पढेपछि उनलाई मानव जीवनको महत्त्वका बारेमा थाहा भयो । यस किताबले उनलाई आत्मविश्वास जगाउन पनि सिकायो । उक्त किताबको मूल भाव मानिसले जीवनमा जे चाह्यो त्यही गर्न सक्छ भन्ने थियो । उनलाई पनि जीवनमा केही गरेर देखाउने मन थियो । यस किताबले स्टिभ जब्सभित्र आध्यात्मिक चेतना जगायो । उनी पूर्ण रूपमा शाकाहारी भए । स्याउ र गाँजर उनका प्रिय खानेकुरा थिए । उनले कम्पनीको नाम पनि एप्पल राखे । मानिसले आफ्नो मनभित्रैदेखि चाहने हो भने जस्तोसुकै सफलता पनि प्राप्त गर्न सक्दो रहेछ भन्ने थाहा पाए । उनलाई यस किताबले यति धेरै प्रभाव पाऱ्यो कि आफ्नो घरमा आउने मानिसलाई उनी यो किताब उपहार दिन्थे । उनी पनि योगीले जस्तै एउटै सिद्धान्त र लक्ष्यमा अडिग बने ।

स्टिभ जब्सको जीवनको एउटा सिद्धान्त थियो । उनी भन्थे जीवनमा केही गर्ने हो भने 'अतृप्त रहूँ, अज्ञानी रहूँ ।' यसको अर्थ के हो भने सधैँ जिज्ञासु रहनुपर्छ । मानिसले पढाइ, सिकाइ र अनुभव हासिल गर्न कहिल्यै छोड्नुहुन्न । यस्तै सोचले गर्दा उनको एप्पल कम्पनीले उत्पादन गरेका मोबाइल र ल्यापटप विश्व प्रसिद्ध भए । उनले नाम र दाम दुवै कमाए । उनी अमेरिकाका सफल व्यवसायी बने । उनको कठिन परिश्रम र सत्मर्कले गर्दा संसारभर प्रख्यात भए । फलस्वरूप उनलाई भेट्न देशका सर्वसाधारण मानिसदेखि राष्ट्रपतिसम्म लालायित हुन्थे । सन् १९११ को अक्टोबर ५ मा ५६ वर्षको उमेरमा उनको मृत्यु भयो ।

उनी भन्थे, "मेरो जीवन सफल बनाउन मलाई 'योगीको आत्मकथा' किताबले सहयोग गरेको हो । एउटा राम्रो किताबले मानिसको जीवन बदलिदिन सक्छ ।"

| |
|---|
| के हामी पनि राम्रा राम्रा किताब पढ्ने होइन त ? |

# कौवा र भँगेरा

एउटा गाउँमा सानो गोठ थियो । त्यो गोठको खट्प्वालमा भँगेराले गुँड बनाएको थियो । भँगेरा र भँगेरी मिलेर सकेसम्म राम्रो देखिने गरी गुँड बनाएका थिए । गुँड बनाएको केही दिनपछि तिनीहरूले अन्डा पारे । अन्डाबाट बच्चा कोरलेर आफ्ना बच्चालाई हुर्काउने तिनको सपना थियो ।



गोठनजिक एउटा अग्लो चिलाउनेको रुख पनि थियो । चिलाउनेको टुप्पामा कौवाले गुँड बनाएको थियो । कौवाले पनि आफ्नो गुँडमा अन्डा पारेको थियो । कौवालाई भँगेराले अन्डा पारेको थाहा पाएपछि मुखबाट पानी आयो । कौवाले वेला वेलामा आफूभन्दा

साना चराको अन्डा खाइदिने गरेको थियो । यस पटक पनि कौवा भँगेराको अन्डा खाने दाउमा थियो ।

एकदिन भँगेरा भँगेरी दुवै गुँडमा नभएको मौका पारी काग आयो । कागले भँगेराको अन्डालाई चुच्चाले ठुँगेर फुटायो अनि स्वाद मानी मानी खायो । भँगेराको अन्डा खाएर मुख मिठ्याउँदै ऊ आफ्नो गुँडमा फर्कियो । अर्काको अन्डा खाएर मक्ख पर्दै फर्किएको कागले आफ्नो गुँडमा हेर्‍यो । कागले देख्यो त्यहाँ उसको अन्डा थिएन ।

त्यति नै खेर भँगेरा र भँगेरी सुसाउँदै कागको गुँडनजिक आइपुगे । भँगेराले भन्यो, "काग दाजु माफ गर्नुहोस् है । हामीले तपाईंको अन्डा जोगाउन सकेनौँ ।"

"हँ ! के भनेको ?"



"तपाईं गुँडमा हुनुहुन्नथ्यो । एउटा ठुलो चिल आयो । तपाईंको अन्डा च्याप्यो र आकाशतिर गयो ।"

"मैले तिम्रो कुरा बुझिनँ ।"

“तपाईँको अन्डा लिएर चिल आकाशतिर गयो । हामी करायौँ । गुहार माग्यौँ । तपाईँलाई बोलायौँ । कसैले सुनेन । हामी चिलको पछि पछि गयौँ । चिललाई ठुँग्न खोज्यौँ । चिल हामीभन्दा ठुलो थियो । चिललाई हामीले केही गर्न सकेनौँ । हामीले हेर्दाहेर्दै चिलले तपाईँको अन्डा खाइदियो । यसरी ठुला चराले साना चराको अन्डा खान मिल्छ त काग दाजै ?”

कागको मुटुमा सुइराले रोपेजस्तो भयो । उसले भँगेराको कुरालाई सही भन्न पनि सकेन । गलत भन्न पनि सकेन ।

भँगेराको कागलाई सम्झाउने तरिका तपाईँलाई कस्तो लाग्यो ? अति रिस उठेको वेलामा शान्त भएर यसैगरी अरूलाई सम्झाउन सक्नुहुन्छ ? धेरै रिस उठ्यो भने आफूलाई व्यवस्थित गर्न तपाईँ के गर्नुहुन्छ ?

# चिनी र कमिला

'ए गँड्यौला ! चिनी खान्छौ ?' चिनीका दाना देखाउँदै कमिलाले गँड्यौलालाई सोध्यो ।

'म चिनीसिनी खान्नँ । मलाई गुलियो धेरै मन पर्दैन । आमाले भन्नुभएको धेरै चिनी खायो भने दाँत किराले खान्छ रे ।'

गँड्यौलाको कुरा सुनेर कमिला एकछिन खित्का छोडेर हाँस्यो । उसले फेरि गँड्यौलालाई खिस्याउँदै भन्यो, "हुन त माटो खाने बानी परेकालाई चिनी केको मिठो लाग्नु । हा हा हा । कहिल्यै खाएको होस् न स्वाद पाउनु । आफू त यी वेला वेलामा सहर गइन्छ । चट्ट चिनी ल्याइन्छ अनि मजाले खाइन्छ । कि कसो त माटेकाजी ?"

कमिलाले आफूलाई खिस्साएको देखेर गँड्यौलालाई भित्रभित्रै रिस उठको थियो । मूर्खसित



बोल्नुभन्दा नबोलेकै ठिक भनेर गँड्यौला चुप लाग्यो । कमिलाले फेरि भन्यो, "ए माटेकाजी ! किन बोल्दैनौ हँ ? कति माटो खान्छौ ? हिँड सहर जाऔँ मिठो मिठो चिनी खान ।"

यस पटक गँड्यौलाले जवाफ दियो, "खानुपर्‍या छैन मलाई चिनीसिनी । मलाई यही माटो ठिक छ । गुलियो चिनी खाएर के गर्नु ? तिम्रो बोली र बानी रुखो छ ।"

कमिलाले फेरि भन्यो, "धेरै जान्ने नबन । मेरो बानी कसरी रुखो छ ? बरु मानिसले खेती गर्ने माटो तिमीले खाएपछि मानिस रिसाएर तिमीलाई मार्लान् नि ।"

त्यति नै खेर मानिस र केटाकेटीको कल्याङमल्याङ सुनियो । एउटा मानिस भन्दै थियो, "ऊ त्यो कमिलाको गोलामा आगो लगाइदेऊ त । यो कमिलाको कामै छैन । काम गर्ने वेलामा हातखुट्टामा टोकेर हैरान पार्छ ।"

एउटा केटाले सोध्यो, “के कमिला खेतीपातीका लागि उपयोगी छैन ?”

मानिसले भन्यो, “कमिलाले माटो रुखो बनाउँछ । काम गर्ने वेलामा पनि यसले टोकेर हैरान पार्छ ।”

“अनि जीवजन्तु र किरा मार्नुहुन्छ त बाबा ?”

“हुन त हुँदैन । आफूलाई दु:ख दिनेलाई के बाँकी राख्नु ? बरु हामीले गँड्यौलालाई जोगाउनुपर्छ । गँड्यौला किसानको मित्र हो । यसले माटो खाएर माटो नै निकाल्छ । यसले माटोलाई मलिलो बनाउँछ । खासमा कमिलाको काम छैन ।”

यति भनेर मानिस सलाई लिन गयो तर केटाले त्यसो नगरौँ भनी सम्झाउँदै थियो ।

गड्यौलाले भन्यो, “हे कमिला भाइ ! आऊ मेरो प्वालमा लुक । मानिसले तिमीलाई जलाउने कुरा गर्दै छन् ।”

कमिलो कुदेर आयो । गड्यौलाको प्वालमा छिर्दै उसले भन्यो, “धन्यवाद गँड्यौला दाइ ।

अगि मैले हजुरलाई के के बोलेर चित्त दुखाएँ । माफ गर्नुहोस् है ।”

गँड्यौलाले मुसुमुसु हाँस्दै उसलाई माफी दियो ।

त्यति नै खेर उताबाट सानी बालिका बोलेको सुनियो, “बाबा ! कमिलाको गोलामा आगो नलगाऔँ है ।”

मानिसले सोध्यो, “किन र ?”

बालिकाले उत्तर दिइन्, “हाम्रा गुरुले भन्नुभएको संसारका सबै जीवजन्तु र किराफट्याङ्ग्रा हामीलाई आवश्यक छन् रे । हामीले सानो भुसुनु पनि मार्नु हुन्न रे ।”

सानी बालिकाको कुरा सुनेर मानिसले भन्यो, “राम्रो कुरा गऱ्यौ तिमीले ।”


कमिलाले मनमनै सोच्यो - धन्न ज्यान बच्यो । तर मैले गड्यौलालाई गलत बोलेछु ।

| |
|---|
| हामी एकअर्कामा निर्भर भएर बाँचेका हुन्छौँ । हामीलाई अरूको पनि सहयोग चाहिन्छ । आफूले पनि अरूलाई सहयोग गर्न सक्नुपर्छ । के तपाईं यो विचारसँग सहमत हुनुहुन्छ ? |

# फट्याङ्ग्रा र पुतली

फट्याङ्ग्रा - ए पुतली ए पुतली कता हिँडेकी ?
कति छिटो हुर्केकी कति बढेकी ?

पुतली - बगैँचामा जाँदै छु फूल भेट्नलाई
आफ्ना साथी भाइको न्यास्रो मेट्नलाई ।



फट्याङ्ग्रा - साथीलाई भेट्न कि फूल चुस्न हो ?
सानी मौरी नानीको खाना खोस्न हो ?

पुतली - म त लुटी खाँदिनँ खोसी खाँदिनँ
काम गरी खान्छु म बसी खाँदिनँ

फट्याङ्ग्रा - फूलहरू फक्रेर राम्रा भएछन्
माहुरी र भँमरा कता गएछन् ?

पुतली - माहुरी र भँमरा बगैँचामै छन्
तिमी पनि आएमा राम्रो हुन्छ झन्

फट्याङ्ग्रा - माफ गरे पुतली के के बोलेछु
तिमी हामी साथी हौँ मैले भुलेछु ।

पुतली - केही छैन फटु भाइ तिमी पनि आऊ
हामी नाच्छौँ फन्फनी तिमी गीत गाऊ ।

| |
|---|
| के हामी सबैसँग सबै वेलामा माफ माग्नुपर्छ ? हामीले कस्तो कस्तो अवस्थामा माफ माग्नुपर्छ ? माफ नमागे हामीलाई कुन कुन पक्षमा बेफाइदा हुन्छ ? |

# धमिलो आँखा

"खै आँखा ठुलो पारेर हेर्नुहोस् त ।" आँखामा टर्च लाइट देखाउँदै डाक्टरले ओमलाई भन्नुभयो । एक हप्तादेखि ओमको आँखा पोल्ने र दुख्ने गर्न थालेको थियो । टोलको औषधी पसलबाट औषधी ल्याएर लगाउँदा पनि निको भएन । आमाले ओमलाई आज अस्पताल लिएर जानुभयो ।

"बाबुले मोबाइल धेरै हेर्ने गर्नुभएको छ हो ?" डाक्टर सापले आँखा जाँच्दै भन्नुभयो । ओम चुप लागे । आमाले ओमलाई हेर्नुभयो । ओमले आमालाई हेरे ।

**ओमको बानी यस्तो थियो –**

१. खाना खाने वेलामा टेबलमा मोबाइल अड्याएर मोबाइल हेर्दै खाने ।

२. लेख्ने वेलामा पनि मोबाइल बजाउँदै लेख्ने ।

३. सुत्ने वेलामा पनि मोबाइल हेर्दै सुत्ने ।

४. जतिखेर पनि मोबाइलमा गेम खेलेर बस्ने ।

**जाँच्ने ठाउँको भित्तामा विभिन्न रोगले बिग्रिएका आँखाका तस्बिर थिए ।**

१. कसैका आँखा सुन्निएर भुक्क देखिएका ।

२. कसैका आँखा रगत चुहिएला जस्तै राता राता देखिएका ।

३. कसैको आँखामा मासु पलाएजस्तो देखिएका ।

ओमले आँखाको तस्बिरमा डराएर हेरे । डाक्टर सापले पनि यो कुरा थाहा पाउनुभयो । उहाँले भन्नुभयो, "ओम बाबु ! मोबाइल धेरै चलाउँदा आँखा बिग्रिन्छ । तपाईंका आँखा पनि मोबाइल धेरै चलाएर बिग्रिएका हुन् ।"

मोबाइल धेरै चलाउँदा आँखा मात्रै होइन, दिमागमा पनि असर गर्छ ।

डाक्टर सापको कुरा सुनिसकेपछि ओमले भने, "अब म धेरै मोबाइल चलाउन्नँ ।"

हामी दिनमा कति समय कम्प्युटर, ल्यापटप, मोबाइल वा टेलिभिजन हेरेर बिताउँछौँ ? के धेरै समय यिनको मात्र उपयोग गर्दा हाम्रो स्वास्थ्यलाई फाइदा गर्ला त ?

# अनि किताब समाउँछु

मोबाइल म हेर्दिनँ माम खाने वेलामा
रुन पनि रुदिनँ स्कुल जाने वेलामा
हातमुख धोएर दालीमाम खाएर
झोला बोकी हिँड्छु म सफा नाना लाएर



हात समाई साथीको लम्किएर हिँड्छु म
स्कुलमा पुगेर सबै पाठ पढ्छु म
राम्रा अक्षर लेखेर भर्छु पाना कापीका
जतन गर्छु सामान आफ्ना अनि साथीका

फर्केपछि घरमा हातगोडा धुन्छु म
बाआमाले भनेको कुरा पनि सुन्छु म
एकैछिन खेल्छु म चिया खाजा खाएर
अनि किताब समाउँछु घरभित्र आएर ।



हामीले मुद्रित सामग्री पनि पढ्ने बानी बसाल्नुपर्छ । तपाईँले पाठ्यपुस्तकभन्दा बाहेकका कुन कुन सामग्री पढ्ने गर्नुभएको छ ? तपाईँलाई पत्रपत्रिका पढ्न मन पर्छ कि पर्दैन ? पर्छ भने तपाईँले कुन पत्रिका पढ्न साथीलाई सल्लाह दिनुहुन्छ र किन ?

# सबैलाई नमस्कार

गुरुआमा नमस्कार
गुरुबालाई नमस्कार
दिदी दाइलाई नमस्कार
साथी भाइलाई नमस्कार

न्यानो छरी झुल्किने
घामलाई नमस्कार
मिलीजुली गरेको
कामलाई नमस्कार

सफा हावा ल्याउने
रुखलाई नमस्कार
मिठो बोली बोल्दिने
मुखलाई नमस्कार

पिता अनि माताजी
दुबैलाई नमस्कार
राम्रो बाटो देखाउने
सबैलाई नमस्कार ।

हामीले अभिभावक तथा आगन्तुकको कसरी स्वागत गर्छौं ? हामी सबैलाई भेट्दा किन नमस्कार गर्छौं ?

# दाइको काम

गुँडबाट खसेछ यौटा सानो बचेरो
बचेरालाई देखेर मन पारी अँधेरो
समातेर सुस्तरी गुँडमाथि राख्नु भो
अनि मात्रै मेरा दाइ आफ्नो बाटो लाग्नु भो

यौटा चरो अल्झेछ रुखछेउ जालीमा
कैँची अनि सनासो थिए हाम्रा पालीमा
दादा आई लानुभो खाँचो पर्ने सामान
जीवजन्तु सबलाई गर्नुहुन्छ समान

यौटा बच्चा पेटीमा रुँदै थियो भोकले
तमासा झैँ मानेर हेर्दै थियो लोकले
खानेकुरा दिनुभो मेरा दादा आएर
बच्चा पनि खुसी भो मिठो खाना पाएर

एउटा घाइते कुकुर रुँदै थियो बाटामा
दया गरी दादाले लिनुभयो हातमा
घर ल्याई दादाले दिनुभयो ओखति
दाइको काम देखेर खुसी भएँ म अति ।

के तपाईँले पनि दाइले जस्तै अरूको हित हुने काम गर्नुभएको छ ? अरूलाई सहयोग गर्दा तपाईँलाई कस्तो अनुभव हुन्छ ?

# म पनि देवी रे

मेरी काकीले छोरी पाउनुभयो । दुई दिन अस्पताल राखेर काकीलाई घर ल्याइयो । मलाई पनि सानी बहिनी हेर्न मन लाग्यो । मैले सानी बहिनीलाई हेरेँ । कति राम्री गुडिया जस्ती ! आमाले पनि बच्चीलाई हेर्नुभयो । आमाले बहिनीलाई हेर्दा पैसा र नाना दिनुभयो । भर्खर जन्मिएका बच्चाको पहिलोचोटि मुख हेर्दा पैसा वा नाना दिनुपर्छ रे । सबैले घरमा लक्ष्मीको जन्म भयो भने ।

एघार दिनमा उनको न्वारान भयो । नौ वर्षमा उनलाई गुनिउँचोली दिने रे । छोराको चाहिँ सोही उमेरमा व्रतबन्ध गरिन्छ रे । छोरीलाई सबैले माया गरेको देखेर मलाई धेरै रमाइलो लाग्यो । म पनि त आमाबुबाकी प्यारी छोरी हुँ । पूजा र चाडबाडमा सबैले छोरीलाई टीका लगाएर दक्षिणा दिन्छन् । बा, आमा र दाइभाइले चेलीको खुट्टा पनि ढोग्छन् । छोरा मानिसको चाहिँ खुट्टा ढोग्दैनन् । किन छोरीको मात्रै खुट्टा ढोग्छन् ? यो प्रश्नको उत्तर मलाई थाहा थिएन । एक दिन मलाई आमाले कुरो बुझाउँदै भन्नुभयो - छोरी देवीका स्वरूप हुन् रे । त्यही भएर छोरीको खुट्टा ढोगिएको रहेछ । म पनि देवी रे ।

मैले सानी नानीको अनुहार हेरेँ । तिनी कति राम्री थिइन् । सानी नानी पनि देवी हुन् । अब तिनलाई पनि सबैले टीका लगाएर ढोग्ने छन् । दक्षिणा दिने छन् । मान गर्ने छन् । के छोरीहरू साँच्चै देवी हुन् ? कोही कोही मानिसहरू छोरीलाई मुखले मात्रै देवी भन्छन् रे । कोही कोही मानिस छोरा र छोरीमा भेदभाव गर्छन् रे । मेरी आमा भन्नुहुन्छ - पुरानो समयका मानिस छोरा र छोरीबिचमा अलि बढी नै भेदभाव गर्थे रे । अहिले मानिसको सोचाइ फेरिएको छ रे । छोरी साँच्चै देवी नै हुन् रे । यस्तो कुरा सुनेर मलाई धेरै खुसी लाग्यो ।

म बहिनीको नजिकै गएँ । उनको कानमा बिस्तारै भनेँ, “ए नयाँ देवी ! तिमी छिट्टै ठुली हुनू । तिमी र म रमाइलो गर्दै खेल्नुपर्छ ।” मैले यसो भनेपछि तिनी रुन पो लागिन् । यी नयाँ देवी किन रोएकी होलिन् ?

| |
|---|
| के छोरा र छोरीमा भेदभाव गर्नु ठिक हो ? किन ? दुवैलाई समान व्यवहार गर्न के के गर्नुपर्ला ? |